मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



वर्ष : २६ ★ अङ्क : ६८ ★ ने. सं. ११४४ चिल्ला गा, षष्ठी ★ आइतबार ★ १८ चैत, २०८० ★ March 31, 2024, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## "स्वास्थ्यकर्मीहरूले जनताको सेवालाई प्रमुख प्राथमिकतामा राख्नुपर्छ" : अध्यक्ष बिजुक्छेँ




काभ्रे, १७ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरूबिच भेटघाट तथा नववर्ष २०८१ को उपलक्ष्यमा शुभकामना कार्यक्रम शनिबार काभ्रेको नगरकोटमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले पुँजीवादी व्यवस्थामा गरिब जनताको भलो नहुने स्पष्ट पार्दै सरकारले ७ वटै प्रदेशमा सुविधा सम्पन्न अस्पताल बनाउनुपर्ने र हरेक जिल्लाबाट एक जना छात्रालाई सरकारले छात्रवृत्ति प्रदान गरी एमबीबीएस पढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "क्युवाली डाक्टरहरू ६० वटा देशमा तीस हजारभन्दा बढी सेवारत छन् । नेपालका डाक्टर र स्वास्थ्यकर्मीहरू पैसाको लागि बिदेसिनु विडम्बनाको कुरा हो ।"

उहाँले स्वास्थ्यकर्मीहरूले जनताको सेवालाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने र बिरामीहरूप्रति नम्र र शिष्ट भई स्वास्थ्य सेवा दिनुपर्ने सुझाव दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रमा व्यक्त गरेका प्रतिबद्धताहरू पूरा गर्दै १०० शय्याको अस्पताल, वडा वडामा स्वास्थ्य सेवा तथा आयुर्वेदिक स्वास्थ्य सेवा विस्तार गरिरहेको बताउनुभयो ।

ख्वप अस्पतालबाट उपलब्ध सेवाहरूमा थप गर्दै प्रभावकारी सेवा प्रदान गर्नेतर्फ अस्पतालमा कार्यरत सबै लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "निजी अस्पतालहरू व्यापार गर्ने थलो हुँदै गएको हुँदा सामुदायिक अस्पतालको सेवा प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो । जनताको राय सुझावलाई आत्मसात गर्दै आगामी दिनमा ख्वप अस्पतालले विशेषज्ञ सुविधाहरू थप गर्दै लगिने छ । ख्वप अस्पतालबाट प्रवाह गरेका सेवा सुविधाबारे जानकारी लिन विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू अवलोकनमा आइरहेको हुँदा देशकै ७५३ स्थानीय तहका लागि उदाहरणीय बनाउन स्वास्थ्यकर्मीहरू लाग्नु आवश्यक छ ।"

भनपाका उपप्रमुख रजनी जोशीले ख्वप अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूले स्वच्छ मन र इमानदारीपूर्वक नगरवासीहरूको सेवा


***बाँकी पृष्ठ ८ मा***


## विद्युत्मा नेपाल आत्मनिर्भर हुनुपर्छ

काठमाडौँ, १७ पुस । सरकारले एकातिर देशको गाउँ-गाउँ र बस्ती-बस्तीमा विद्युत् (बिजुली) पुर्‍याउन सकिरहेको छैन भने अर्कोतिर आपूर्ति भइरहेको ठाउँमा बेलाबखत लोडसेडिङ भइरहेको छ । जलस्रोतको धनी देशमा देशभर विद्युत् पुर्‍याउन नसक्नु सरकारको कमजोरी हो । नेपालीको गाउँघरको उज्यालो नहेरी भारतलाई विद्युत् निर्यात गर्नु सरकारको अर्को कमजोरी हो । नेपाल सरकार महँगोमा विद्युत् आयात गर्छ र सस्तोमा निर्यात गर्छ । यो पनि सरकारको कमजोरी हो । सरकारले नेपाललाई विद्युत् नपुग्दै भारतमा बेच्नु हुँदैनथ्यो । सरकारको यही कमजोरीकै कारण या सरकारले नेपालको लागि आवश्यक विद्युत् उत्पादन नगर्दा लोडसेडिङ गर्नुपर्ने समस्या देखिएको हो । चैत १६ गतेको 'नयाँ पत्रिका' मा 'भारतले दिउँसो १२ घण्टा मात्रै विद्युत् दिने, सोमबारदेखि रातमा लोडसेडिङ' हुनसक्छ र सोही दिनको 'नागरिक' दैनिकमा 'औद्योगिक क्षेत्रमा अघोषित लोडसेडिङ' शीर्षकको समाचार छापियो ।

सुख्खा मौसममा नदीनालामा पानीको बहाब घट्दै जाने हुँदा या कम मात्रै पानी पर्ने हुँदा विद्युत् उत्पादन कम हुन्छ । यो समस्या बुझ्रैरै सरकारले देशको लागि पर्याप्त विद्युत् उत्पादन गर्नुपर्ने हो । अरुको भरमा सधैँ विद्युत् आपूर्ति हुन्छ भन्ने निश्चित हुँदैन । भारतले १२ घण्टा मात्रै (बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म) विद्युत् आयात गर्न मिल्ने गरी नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको खबर प्रकाशमा आयो । यसको असर नेपालको औद्योगिक क्षेत्रमा पर्ने चर्चा परिचर्चा पनि सुरु भयो । यसअघि सरकारले औद्योगिक क्षेत्रमा लोडसेडिङ अन्त्य भएको घोषणा गरेको थियो । औद्योगिक क्षेत्रमा विद्युत् आपूर्ति नहुनु भनेको उद्योगको उत्पादन बन्द हुनु हो । उत्पादन बन्द हुँदा सामान आपूर्ति हुँदैन, उद्योग घाटामा पर्छ या बन्द हुन्छ र विदेशबाट सामान आयात गर्नुपर्ने हुन्छ । यसले स्वदेशी रकम बिदेसिन्छ र नेपालको अर्थतन्त्र कमजोर हुन्छ । नेपाललाई नपुग्दै भारतमा विदेशीलाई विद्युत् निर्यात गरेपछि के नेपालको गाउँठाउँ अन्धकार हुँदैन ?

नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित सांसदहरूले नेपाललाई नपुग्दै भारतलाई विद्युत् निर्यात गर्न नहुने कुरा संसदमा उठाएका थिए । नेमकिपाको यो आवाजलाई शासकहरूले वास्ता गरेनन् । परिणामत: लोडसेडिङको कारण उद्योग बन्द हुने कुरा आयो । सरकारले विद्युत् उत्पादन पनि नगर्ने, अनि उत्पादित उद्योग विदेशमा बेचेर गाउँ बस्तीमा कसरी उज्यालो हुन्छ ? देशमा उद्योगधन्दाहरू कसरी चल्छ ? भारतले कुनै बेला विद्युत् स्वीकृति नदिन पनि सक्छ । यसकारण, विद्युत्मा नेपाल आत्मनिर्भर हुनुपर्छ । त्यसको लागि पर्याप्त विद्युत् उत्पादन गर्नुपर्ने हुन्छ । ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंह भन्छन्, "भारतले दिउँसोको समयमा विद्युत् दिने गरी स्वीकृति पठाइसकेको छ । त्यसले दिउँसोको विद्युत् मागलाई सम्बोधन गर्न सहज हुनेछ ।"

शासक दलहरूको घोषणापत्र हेर्दा नेपालको हरेक गाउँ र बस्तीमा पर्याप्त बिजुली पुग्नुपर्ने थियो । गाउँ बस्ती झिलीमिली हुनुपर्ने थियो । घर परिवारदेखि देशको विभिन्न स्थानमा रहेका साना-ठुला उद्योग सञ्चालन गर्ने गरी विद्युत्को समस्या नहुनुपर्ने थियो । रासायनिक मल कारखाना पनि विद्युत्बाटै सञ्चालन गर्ने गरी विद्युत् उत्पादन गर्नुपथ्र्यो । अरू देशमा लोडसेडिङ भन्ने नै थाहा हुँदैनथ्यो । तर, नेपालमा दिनको १८ घण्टासम्म


***बाँकी पृष्ठ ८ मा***


## भक्तपुरमा शिक्षा र स्वास्थ्य उपचार पहिलो प्राथमिकता

भक्तपुर, १७ चैत । भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा शनिबार पाठेघरको मुखको परीक्षण (पापस्मेयर जाँच) तथा स्तन परीक्षणसम्बन्धि स्वास्थ्य शिविर सम्पन्न भयो । नगरपालिकाबाट सञ्चालित ख्वप अस्पताल र भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा सम्पन्न उक्त शिविरको नगर प्रमुख सुनिल प्रजापतिले एक कार्यक्रमबिच सम्मुद्घाटन गर्नुभएको थियो । ।

कार्यक्रममा प्रमुख प्रजापतिले निर्वाचनको बेला स्वास्थ्यसँग सम्बन्धित जनतासँग गरेका ५ वटै प्रतिवद्धताहरू पूरा भएको चर्चा गर्दै शिक्षा र स्वास्थ्य उपचार सेवालाई पहिलो प्राथमिकतामा राखेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "ख्वप अस्पताललाई जनताको अस्पतालको रूपमा विकास गर्ने क्रममा सुविधाहरू थप्दै जनताको नजिक पुर्‍याउने क्रममा वडा वडामा शहरी स्वाथ्य केन्द्रहरू स्थापना तथा घरदैलो नर्सिङ सेवा सञ्चालन



गरिरहेका छौँ ।"

सरकारी अस्पतालहरू स्तरीय र सुविधासम्पन्न भएमा निजी क्लिनिकहरू आफै बन्द हुने उल्लेख गर्दै प्रमुख प्रजापतिले नागरिकको स्वास्थ्य सेवा राज्यको दायित्व हुनुपर्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी जनताबिच हुर्केको र जनताको हितमा निरन्तर लागिरहने चर्चा गर्दै उहाँले भन्नुभयो, "समाजवादी आदर्श बमोजिम भनपाका जनप्रतिनिधिहरूले इमानदारीपूर्वक जनताको सेवा गरिरहेको छ ।"

भक्तपुर नगरपालिका ९ नं. वडाका वडाध्यक्ष रवीन्द्र ज्याख्वले स्वस्थ नागरिक


***बाँकी पृष्ठ ८ मा***



मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदाः

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फलसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कुथुछैँ समाजद्वारा ज्येष्ठ नागरिक भेटघाट कार्यक्रम




भक्तपुर, १७ चैत । कुथुछैँ समाज, तँचा सामाजिक उपसमितिको आयोजनामा शनिबार ज्येष्ठ नागरिक भेटघाट कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा शिक्षाविद् उद्धव सुजखुले सभ्यता, संस्कृति सम्पदाको जगेर्ना गर्न ज्येष्ठ नागरिकहरूको उल्लेखनीय योगदान रहँदै आएको चर्चा गर्दै ज्येष्ठ नागरिकहरूलाई जीवन निर्वाह भत्ताको बन्दोबस्त हुनुपर्ने, सरकारी अस्पतालमा मात्र नभई निजी अस्पतालमा पनि स्वास्थ्य परीक्षणमा छुटको बन्दोबस्त हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले पुँजीवादी समाजको कारण व्यक्तिवादी विचार हाबी हुँदै गएकोले ज्येष्ठ नागरिकहरूप्रति दुर्व्यवहार भइरहेको गुनासो पोख्दै समानजनक व्यवहार गर्न स्कूल कलेजहरूमा नैतिक शिक्षालाई जोड दिनुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो । सरकारले स्वदेशमै रोजगारीको बन्दोबस्त गर्न सकेको भए आज ज्येष्ठ नागरिकहरूले परिवारजनको साथ र सहयोगमा सहज जीवनयापन गर्नसक्ने धारणा राख्दै उहाँले सरकारी कर्मचारीलाई मात्र पेन्सनको व्यवस्था हुँदा बहुसङ्ख्यक कृषक वा खेती किसानी गरेर जीवन निर्वाह गर्दै आइरहेका जनता आहत हुन पुगेको बताउनुभयो ।

भनपा ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालले ६० वर्षमाथिका वृद्ध वृद्धाहरूले वडाबाट सिफारिस लिई स्वास्थ्यजाँचमा सहुलियत प्राप्त गर्न सकिने बताउँदै मुटु रोग, क्यान्सरजस्ता दीर्घ रोगका बिरामीलाई नगरपालिकाको सिफारिसमा १ लाखसम्मको छुटको व्यवस्था भएको जानकारी गराउनुभयो । उहाँले वडाभरि नर्सिङ सेवामार्फत वडावासीहरूलाई स्वास्थ्यलाभमा टेवा पुगेको भन्नाइ राख्दै हाडजोर्नी, पाठेघर, श्वासप्रश्वास आदिको स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तर अगाडि बढाइरहेको बताउनुभयो ।

कुथुछैँ समाजका अध्यक्ष पुष्पलाल सुजखुले उमेरले वृद्ध अवस्थामा पुगे पनि विचारले कहिल्यै बुढो नहुने, भौतिकरूपमा छरिएर रहनु परेको भए पनि आत्मीयरूपमा एक अर्कासँग जोडिएर दुःख पीडा बिसाउने चौतारीका रूपमा लिनुपर्ने स्कूल, पाटी, बाटो, मठ मन्दिर निर्माण, संस्कृति जोगाउन ज्येष्ठ नागरिकहरूको योगदानलाई स्मरण गर्दै अगाडि बढ्न नयाँ पुस्तालाई प्रेरणा मिल्ने बताउनुभयो ।

कुथुछैँ समाज सामाजिक उपसमिति संयोजक ज्ञानेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा कुथुछैँ समाजका हरिसुन्दर सुवाल, रामलक्ष्मी दुवाललगायतले बोल्नुभयो ।

# सहकारी कर्मचारीहरूबिच अन्तरक्रिया



भक्तपुर, १७ चैत । ६७ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को आयोजनामा शनिबार सङ्घका समिति, उपसमिति र कर्मचारीबिच अन्तरक्रिया कार्यक्रम भयो ।

सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारीको तरल अवस्थामा सहकारी संस्थाहरू संयमित र सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले सहकारीको दीर्घकालीन समस्या समाधान गर्न दोस्रो तहको नियमक निकाय गठनमा सरकार लागेको बताउनुभयो ।

सङ्घका उपाध्यक्ष हरि बल्लले कार्यक्रमले नियमन निकाय र अभियान मिलेर सहकारी समस्या समाधानका लागि समूहिक प्रयासमा टेवा पुग्ने बताउनुभयो ।

सङ्घका सचिव जगनाथ प्रजापतिले यस वर्ष नगर नगरमा सङ्घको नगरस्तरीय सहकारी समन्वय उपसमितिको आयोजना तथा समन्वय र सहकार्यमा प्रभातफेरी कार्यक्रमसहित ६७ औं राष्ट्रिय सहकारी दिवस मनाउने भएकोले सहकारी संस्थाको सक्रिय सहभागिताको लागि अनुरोध गनुभयो ।

सङ्घका व्यवस्थापक बालकृष्ण धोजुले 'सहकारीमा सुशासन र प्रविधि र एकीकरण' बारेमा प्रकाश पार्दै सङ्घले प्रविधिलाई आत्मसात गर्दै सदस्य संस्थाहरूबिच कर्जा सूचना, भुक्तानी रसिद क्लिरिङलगायत काम भइरहेको बताउनुभयो ।

# सिद्धि गणेशमा अनिवार्य शिक्षा शिविर

भक्तपुर, १७ चैत । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को शिक्षा उपसमितिको आयोजनामा सदस्यहरूलाई संस्थाका सेवा सुविधासम्बन्धी जानकारी दिने उद्देश्यका साथ शनिबार अनिवार्य शिक्षा शिविर सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सहकारी संस्था सहकारी सिद्धान्त पालना गरी सञ्चालन गर्नुपर्ने भएको हुनाले हाल खुला सदस्यता दिँदै आएको बताउनुभयो ।

उहाँले बजारमा सहकारी संस्थाहरूको खराब प्रचार भइरहेको अवस्थामा सबै सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई निरन्तर सहकारीसम्बन्धी शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति, शिक्षा उपसमितिका संयोजक एवं संस्थाका सचिव विष्णुप्रसाद दुमरुले बजारमा बढी ब्याजको प्रलोभन देखाउने र आफ्नो कार्यक्षेत्र बाहिर कारोबार गर्ने संस्थाहरूमा तरलताको समस्या देखिएको हुनाले त्यस किसिमका संस्थाहरूसँग सतर्क रहन आग्रह गर्नुभयो ।

कार्यक्रममा आयोजक उपसमितिका सचिव किरण बनमाला र व्यवस्थापक शिला गोसाईले संस्थाको सेवा सुविधाबारे जानकारी दिनुभएको थियो ।

# कर्मचारीहरू देश र जनताप्रति बफादार हुनुपर्ने

भक्तपुर, १७ चैत । नेपाल कर्मचारी समाज ६ नं. वडा एकाइ समितिको आयोजनामा कर्मचारीहरूको भेला भयो ।

उक्त भेलामा नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीहरू देश र जनताप्रति बफादार भएर कार्य गर्नुपर्ने चर्चा गर्दै कर्मचारीहरू जनताको भावना र समस्या बुझेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

उहाँले कुनै पनि देशभक्त कर्मचारीहरू राष्ट्रघाती एमसीसी सम्झौता र एसपीपीलगायतका राष्ट्रघाती सन्धिहरूको पक्षमा उभिन नहुने चर्चा गर्दै देशमा हुने हरेक राजनीतिक आन्दोलनहरूमा कर्मचारी अलग्ग बस्न नहुने बताउनुभयो ।

स्थानीय तहका कर्मचारीहरूको झनै महत्त्वपूर्ण भूमिका हुने चर्चा गर्दै उहाँले प्रत्यक्ष जनतासँग सरोकार राख्ने हुँदा स्थानीय तहका कर्मचारीहरूको विशेष भूमिका हुने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी ६ वडा एकाइ समितिका अध्यक्ष गोपीकृष्ण चाँगुभारीले कर्मचारीहरूले राजनैतिकरूपमा सचेत भएर कार्य गर्नुपर्ने आवश्यकता औँल्याउँदै कर्मचारीहरू सामाजिक र राजनैतिक गतिविधिमा पनि सक्रिय हुनुपर्ने बताउनुभयो ।

स्थानीय गणेशराम थुसाले कुनै पनि संस्था सफल हुनुमा त्यहाँ रहेका कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका हुने चर्चा गर्नुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले वडाका हरेक गतिविधिमा कर्मचारीहरूको साथ र सहयोग रहेमा काम गर्ने हौसला हुनुका साथै कार्य सम्पादनमा सजिलो हुने बताउनुभयो ।

उक्त कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैयाँ सुवाल, गोविन्द दुवाल, जगनाथ सुजखुले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

# एक महिनाभित्र सुनकोसी मरिणको सुरुङ 'ब्रेक थ्रु' गरिने

**रमेश लम्साल/रासस**

सिन्धुली, १७ चैत । राष्ट्रिय गौरव आयोजनाको सुनकोशी मरिण डाइभर्सनको मुख्य सुरुङ एक महिनाभित्र 'ब्रेक थ्रू' हुने भएको छ । आयोजनाका प्रमुख मित्र बरालका अनुसार कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङको अब सात सय ९० मिटर मात्र खन्न बाँकी छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, सिँचाइ सचिव सुशीलचन्द्र तिवारी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चन्द्रबहादुर ओलीलगायतको टोलीले शनिबार सिन्धुलीको कमलामाई नगरपालिका कुसुमटारमा रहेको आयोजनास्थलमा निरीक्षण गर्नुभएको छ ।

ऊर्जामन्त्री बस्नेतसहितको उच्चस्तरीय टोलीले शुक्रबार आयोजनाको बाँधस्थल निरीक्षण गरेको थियो । यसअघि ऊर्जामन्त्री बस्नेतले आयोजना प्रमुखलगायत अधिकारीलाई आयोजनास्थल नछाड्न र हरेक १५ दिनमा आयोजनाको प्रगति अवस्थाबारे मन्त्रालयलाई जानकारी दिन निर्देशन दिनुभएको थियो ।

तराई मधेसमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ सुरु गरिएको उक्त आयोजनालाई सरकारले प्राथमिकताका साथ अघि बढाइरहेको छ । सुरुङ खन्ने काममा कुनै भौगोलिक जटिलता नआएको खण्डमा एक महिनाभित्र 'ब्रेक थ्रू' भइसक्ने आयोजना प्रमुख बरालले जानकारी दिनुभयो ।

आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इन्जिनियरिङले गरिरहेको छ । बाँध निर्माणका लागि नेपालको रमण समूहसँग भारतीय कम्पनी पटेल इन्जिनियरिङको संयुक्त उपक्रमले जिम्मा पाएको छ । बाँध र विद्युत् गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ । विसं २०८४ को असोजमा सो आयोजना पूर्णरूपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

सुनकोशी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईको एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको उक्त आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार भएको छैन । सो आयोजनाको 'कफर ड्याम' निर्माण भइरहेको जनाइएको छ ।

निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति देखिँदैन । विद्युत् गृह र प्रसारण लाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ । प्रसारण लाइनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन सकिएको छ । त्यो स्वीकृतिको अन्तिम चरणमा छ । यस्तै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलतर्फको काम पनि अगाडि बढाउन लागिएको आयोजना प्रमुख बरालले जानकारी दिनुभयो ।

सुनकोशी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बिपी राजमार्गको केही भाग प्रभावित हुनेछ । हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । आगामी वैशाखसम्म बाँध निर्माणलाई एउटा स्तरमा पुऱ्याउने लक्ष्य राखिएको छ । वैशाखपछि नदीमा जलसतह बढ्ने भएकाले काम गर्न समस्या हुनेछ । यस्तै, विद्युत् गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ ।

आयोजनाका लागि सुनकोशी गाउँपालिका-७ कानढुङ्गीस्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदीमा पथान्तरण गरिनेछ । सुनकोशीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत सिन्धुलीको कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ । त्यसपछि बागमती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ । त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुनेछ ।

विसं २०७९ असोज २८ गतेदेखि निर्माण सुरु गरिएको सो आयोजनामा कूल १३ दशमलव तीन किलोमिटर लामो सुरुङ निर्माण हुनेछ । नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरेर खनिएको छ । यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टिबिएमको प्रयोग गरिएको थियो ।

# देश बचाउन भूपू प्रहरी र सैनिकहरूको पनि सहयोग आवश्यक

भक्तपुर, १७ चैत । नेपाल मजदुर किसान पार्टी चाँगु २ वडा एकाइ समितिको आयोजनामा चाँगुनारायण नपा वडा नं. २ झौखेल देवडाडा कुशेश्वर महादेव टोलमा भूपू प्रहरी तथा सैनिकहरूको भेला भयो ।

भेलामा नेमकिपा चाँगुनारायण नगर समिति भक्तपुरका अध्यक्ष न्हुछेँभक्त फोजुले देशका शासकहरूले एमसीसी तथा नागरिकता विधेयक पास गरी देशलाई दूरगामी असर पुऱ्याउने काम गरेको हुँदा पूर्वप्रहरी तथा सैनिकहरूले पनि विरोध गर्दै देशलाई शान्ति सुरक्षाबाट जोगाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । देशका सत्ताधारी शासकहरूको गठबन्धन सरकारले देश र जनताको लागि कलकारखाना सञ्चालन गर्न नसकेकोले बाध्य भएर युवा युवतीहरू विदेशमा पलायन भएको उहाँले बताउनुभयो ।

भेलामा स्थानीय गणेशराम सुवालले विदेशको इसारामा चल्ने कुनै पनि दलको सरकार भएसम्म देश र जनताको सुरक्षित नहुने भएकोले भूपू प्रहरी तथा सैनिकहरूले देशमा शान्ति सुरक्षाको लागि योगदान गर्नुपर्नेमा जोड दिनुभयो ।

गोविन्दराम सुवालले देश र जनताको पक्षमा नेमकिपाले प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

भेला राजेन्द्र मलेपतिको सभापतित्वमा भएको थियो ।

# पाँच करोडमा बनेको शीतभण्डार उपयोगविहीन

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), १७ चैत : पश्चिम नवलपरासीको सुस्तामा रू. पाँच करोड लागतमा निर्माण गरिएको शीतभण्डार (चिस्यान केन्द्र) उपयोगविहीन भएको छ । जिल्लाको सुस्ता गाउँपालिका-४ नर्सहिमा निर्माण गरिएको शीतभण्डार प्राविधिक समस्याले प्रयोगविहीन भएको हो ।

सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनारायण उपाध्यायले उक्त शीतभण्डारमा केही प्राविधिकतर्फको काम बाँकी रहेकाले प्रयोगमा नआएको बताउनुभयो । "शीतभण्डारलाई ठेकेदारले निर्माण सम्पन्न गरेर गाउँपालिकालाई हस्तान्तरण गरे पनि भित्र तथा बाहिरका केही प्राविधिक काम अधुरा छन् ।" शीतभण्डार भित्र राखिने काठ (भुईंमा काठ बिछ्याइएको) नभएकाले प्रयोगमा ल्याउन तत्काल नसकिएको उहाँको भनाइ छ ।

उक्त काठ नराखेमा भण्डारण गरिएका आलु, प्याज तथा फलफूलहरू कुहिने भएकाले अहिलेसम्म सञ्चालनमा नआएको अध्यक्ष उपाध्यायले बताउनुभयो । विद्युत् नभएको, सुरक्षाको दृष्टिकोणले गार्ड बस्ने कोठा, तारबार तथा पर्खाल कम्पाउण्डलगायतका काम बाँकी रहेकाले सञ्चालनमा ढिलाइ भएको उहाँको भनाइ छ ।

अध्यक्ष उपाध्यायका अनुसार उक्त शीतभण्डारमा एक हजार मेट्रिकटनसम्म भण्डारण गर्न सकिन्छ । अहिले पाँच सय मेट्रिकटनबाट सञ्चालनको तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । "शीतभण्डारलाई यही चैत मसान्तभित्र सञ्चालन गर्ने तयारी गरिरहेका छौँ । सके किसानलाई सञ्चालन गर्न भन्ने हो, सकेनन् भने सहकारीमार्फत वा सूचना निकालेर कुनै संस्थालाई जिम्मेवारी दिनेछौँ ।"

लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा निर्माण गरिएको उक्त शीतभण्डारमा अहिले पनि रू. ३५ लाखको भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुमलाल भुसालले जानकारी दिनुभयो । सञ्चालनका लागि बाँकी प्राविधिक तथा केही पूर्वाधार निर्माण भइरहेको उहाँको भनाइ छ ।

भुसालका अनुसार निर्माण कम्पनीले शीतभण्डार सम्पन्न गरेर करिब तीन वर्षअघि नै गाउँपालिकालाई हस्तान्तरण गरेको थियो । तीन वर्षअघि सम्पन्न भएको उक्त शीतभण्डार सञ्चालनमा आउन नसकेपछि स्थानीय किसानलाई समस्या हुँदै गएको बताउँछन् । यहाँका केरा उत्पादक र अन्य किसानलाई कृषिजन्य उत्पादन भण्डारणमा चुनौती थपिएको केरा उत्पादक सङ्घ नवलपरासीका अध्यक्ष लख्खु यादवले बताउनुभयो । किसानका लागि निर्माण गरिएको शीतभण्डार तत्काल सञ्चालनमा आउनुपर्ने उहाँको भनाइ छ । रासस



**अल्लोको धागो तयार गरिँदै**

दाङको घोराही उपमहानगरपालिका-१३ मा रहेको विश्वासिलो अल्लो धागो तथा कपडा उद्योगमा आबद्ध महिला सेवार खोलामा अल्लोलाई घरेलु प्रविधिबाट प्रशोधन गर्दै । अल्लोलाई पानीमा पकाउने, कमेरो माटो लगाउने, घाममा सुकाउने, पिट्ने गरेपछि धागो कात्नका लागि भुवा तयार हुने गर्दछ ।

*तस्बिर : सुशीला ओली/रासस*

# छ महिनामै उप्कियो लोकमार्गको कालोपत्र

ढोरपाटन (बागलुङ), १७ चैत । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको घोडाबाँधे-गलकोट खण्डको कालोपत्र छ महिना नबित्दै उप्किएको छ । कालोपत्र उप्किएपछि सडकमा खाल्डाखुल्डी भएको छ ।

एक दशकअगाडि कालोपत्र भएको घोडाबाँधे-गलकोट खण्ड जीर्ण बनेपछि मर्मत गरिएको थियो । निर्माण कम्पनीले गत असोजमा कालोपत्र गरेको सडक एक महिनापछि उप्किन थालेको थियो । अहिले लोकमार्गको बीच भागमा ठूला-ठूला खाल्डा परेका छन् । कालोपत्र उप्किएपछि सडक हिलाम्य र धुलाम्मे बन्ने गरेको छ ।

गुणस्तरहीन कामका कारण कालोपत्र उप्किएको स्थानीयले आरोप लगाएका छन् । विसं २०७९ असार २२ मा लोकमार्ग कार्यालयसँग सम्झौता गरी जोशी निर्माण कम्पनी काठमाडौँले मर्मतको काम गरेको थियो । निर्माण कम्पनीले कालोपत्र गरेको लोकमार्गको घोडाबाँधे भ्यूटावर, काफलठुटा, भ्याँक्रीस्थान नरठाँटीलगायत दर्जनौँ ठाउँमा उप्किएको छ । कालोपत्र उप्किएर खाल्डाखुल्डी बनेपछि सडकमा यात्रा जोखिमपूर्ण भएको सवारी चालक बलबहादुर सुनारले बताउनुभयो ।

"ठेकेदारले सुरुमा राम्रो काम गरिरहेको थियो तर कालोपत्र गर्ने बेलामा कमसल सामान प्रयोग गरेछ । अहिले गाडी कुदाउने खालको सडक छैन । जताततै खाल्डाखुल्डी र हिलोधुलो छ", चालक सुनारले भन्नुभयो, "गुणस्तरहीन काम भएकाले सरकारले यस्तालाई कारबाही गर्नुपर्छ ।"

गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले लोकमार्गअन्तर्गत गलकोट खण्डको धेरै ठाउँमा समस्या भएको बताउनुभयो । नरेठाँटीदेखि भ्यू टावरसम्मको सडक कतै कालोपत्र उप्किएको, कतै नाली पुरिएको त कतै सडकको 'लेभल' नै नमिलेको उहाँको भनाइ छ ।

लोकमार्ग मर्मतका लागि निर्माण कम्पनीले रु. १३ करोड ९९ लाखमा आगामी असोज २१ गतेसम्म सडक मर्मत सक्ने गरी ठेक्का लिएको थियो । मध्यपहाडी लोकमार्ग कार्यालय पर्वतका सूचना अधिकारी इन्जिनियर पवन सुवेदीले निर्माण कम्पनीले समयमै काम सके पनि गुणस्तरीय नभएको स्वीकार्नुभयो । इन्जिनियर सुवेदीले कालोपत्र भएको एक महिना नबित्दै उप्किएको सडकलाई पुन: मर्मत गर्न लगाएको र बिग्रिएको ठाउँमा थप मर्मत गर्न आग्रह गरेको बताउनुभयो ।

"निर्माण कम्पनीले जिम्मा लिएको जति स्थानमा सडक भत्किएको छ, कालोपत्र उप्किएको छ, त्यो सबै उसैले बनाउनुपर्छ, यसको जिम्मेवार निर्माण गर्ने कम्पनी नै हो । उनीहरूलाइ काम गर्नुपर्‍यो भनेर हामीले भनिरहेका छौँ," सुवेदीले भन्नुभयो, "काम गरिरहेकै बेला पनि कालोपत्र उप्किएको गुनासो आएपछि मर्मत गर्न लगाएका थियौँ । अहिले फेरि धेरै ठाउँमा उप्किएछ । त्यो निर्माण कम्पनीले जिम्मेवार भएर मर्मत गर्नुपर्छ ।" मध्यपहाडी लोकमार्ग बागलुङ जिल्लाभित्र करिब एक सय ४२ किलोमिटर पर्छ । त्यसमध्ये बिउँ खण्डको १२ किलोमिटरबाहेक अधिकांश सडक कालोपत्र भइसकेको छ । रासस

# रोकिएन सिर्सिया नदीमा प्रदूषण, स्थानीय जोखिममा

**राजु विश्वकर्मा/रासस**

वीरगञ्ज (पर्सा), १७ चैत । कुनैबेला वीरगञ्ज महानगरवासीका लागि वरदान मानिएको सिर्सिया नदी यतिबेला अभिशाप बनेको छ । बस्ती नजिक भएर बग्ने सिर्सिया नदी केही वर्षअघि सम्म स्थानीयको पानीको प्रमुख स्रोत थियो तर पर्सा-बारा औद्योगिक करिडोरमा सञ्चालित उद्योगहरूले नदीमा प्रदूषित पानी र फोहोर सिर्सिया मिसाएपछि नदी दुर्गन्धित भई बस्तीमा बस्नै नसकिने अवस्था सिर्जना भएको स्थानीयको भनाइ छ ।

नदीमा हिजोआज पानीभन्दा बढी फोहोर बग्ने गर्छ । "केही वर्षअघि सम्म हामी सिर्सिया नदीमा नुहाउँथ्यौँ, भाँडाकुँडा धुन्थ्यौँ", वीरगञ्जस्थित छपकैयाका स्थानीय कृष्णकुमार कानुले भन्नुभयो, "अहिले त्यही सिर्सिया नदी दुर्गन्धित भएकोले वरिपरि बस्न र हिँडडुल गर्न गाह्रो छ ।" नदी वरिपरि हिँड्दा नाक थुनेर हिँड्नुपर्ने अवस्था रहेको उहाँको गुनासो छ ।

प्रदूषणको कारण सिर्सिया नदी लेदो भएर बग्ने गरेको छ तर सिर्सिया नदीमा फोहोर मिसाउने उद्योगलाई हालसम्म सामान्य जरिवानाबाहेकको कानुनी कारबाही गरिएको छैन । नदी प्रदूषणले वीरगञ्जसहित दुई दर्जन गाउँका सर्वसाधारण विस्थापित हुने अवस्थामा पुगेका छन् । "सिर्सिया नदीको पानी दुर्गन्धित भएर बस्तीमा बस्नै नसक्ने अवस्था भइसकेको छ", वीरगञ्ज महानगरपालिका-९ का सुभाष महतो भन्नुहुन्छ, "हामी सानो छँदा यही नदीमा नुहाउने र पौडी खेल्ने गर्थ्यौँ तर अहिले हेर्दाहेर्दै नदीको पानी दुर्गन्धित भएर कामै नलाग्ने अवस्थामा पुगेको छ ।"

सिर्सिया नदीको धार्मिक र सांस्कृतिक महत्व समेत छ । "कुनै बेला छठ पर्व मनाउन सिर्सिया नदी प्रसिद्ध मानिन्थ्यो । नदी प्रदूषित भएपछि स्थानीयले नदीमा छठ पर्व मनाउनै छोडिसकेका छन्", महतोले भन्नुभयो, "सिर्सिया नदीको प्रदूषण रोक्न स्थानीय तहका जनप्रतिनिधिलाई पटकपटक आग्रह गरे पनि खासै चासो देखाएनन् ।" फोहोर पानीकै कारण स्थानीयले तरकारी खेती गर्न छाडे भने नदीमा जलचर र वनस्पति मासिएको उहाँको भनाइ छ ।

बाराको सिमरा पश्चिममा पर्ने रामवनस्थित वन मुहान भएको सिर्सिया नदी पर्साको वीरगञ्ज हुँदै भारतको रक्सौलसम्म पुगेको छ । औद्योगिक कोरिडोरमा रहेका छाला, डिस्टिलरी, टेक्सटायल, घ्यू, साबुनलगायत उद्योगबाट निस्कने रसायनयुक्त पानीसँगै जीवजन्तुका सडेगलेका छाला, रौँ, खरानी, लेदोजस्ता विकार नदीमा मिसाइँदा दुर्गन्धित बनेको हो ।

नदीको प्रदूषणले बाराको सिमरा, बकुलिया, लोहसन्डा, रमौली, सगरदीना, रामपुर टोकनी, छातापिपरा, नितनपुर, गम्हरगाँवा, बेहरा, बलुवा, पर्साको सिर्सिया, ताजपुर, भलुही, रामगढवा, परवानीपुर र वीरगञ्ज महानगरपालिकाको रामवन, रामगढवा, विन्दवासिनी, रानीघाट, अशोकवाटिका, छपकैयासहित करिब एक दर्जन बढी गाउँ र टोलका बासिन्दा प्रभावित भएका छन् ।

सिर्सिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै घेराउ गरेपछि २०६७ सालमा जिल्ला प्रशासन कार्यालयले सिर्सिया नदी अनुगमन समिति गठन गरेको थियो । उक्त समितिले नदीको स्थलगत अनुगमन गरी तयार पारेको प्रतिवेदनमा प्रदूषणको कारक उद्योगहरू रहेको उल्लेख छ । प्रतिवेदनमा नदी प्रदूषण गर्नेलाइ अविलम्ब कारबाही गर्नुपर्ने भनी उद्योगहरूको नाम किटान गरिएको थियो ।

नदीमा फोहोर मिसाउने उद्योगलाई कारबाही गर्न १२ वर्षसम्म सिफारिस भए पनि कुनै कारबाही हुन सकेन । ती उद्योगहरूले निरन्तर नदी प्रदूषण गराइरहेका छन् । नदी प्रदूषण गर्ने उद्योग सञ्चालकलाई जिल्ला प्रशासन कार्यालयले छलफलका लागि बोलाउने र प्रदूषण नगर्न निर्देशन दिने गरेको सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले बताउनुभयो ।

**प्रदूषणमुक्त बनाउन काठमाडौँ पैदलयात्रा**

उद्योगले प्रदूषित बनाएको सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन दबाबस्वरूप 'चुरे तथा वनजङ्गल संरक्षण अभियान' ले वीरगञ्जदेखि काठमाडौँसम्मको पदयात्रा गरेको छ । सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन सरकारलाई दबाब दिने उद्देश्यले केही महिनाअघि अभियानका संयोजक सुनिल यादवको नेतृत्वमा पैदलयात्रा गरेका हुन् ।

प्रदूषित सिर्सिया नदीको पानी बोकेर पैदलयात्रामा निस्केको टोलीले वीरगञ्जबाट पैदलयात्रा गरी ११औँ दिनमा राजधानी काठमाडौँ पुगी सिंहदरबार अगाडि पानी पोखेर विरोध जनाएका थिए । सरकारले सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन ध्यान नदिएको भनी उनीहरू माइतीघरमा धर्नामा समेत बसेका थिए । सिर्सिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै पटक पटक वीरगञ्जमा आन्दोलन गर्दै आएका छन् ।

**महानगरद्वारा उद्योगलाई जरिवाना**

सिर्सिया नदी प्रदूषण नियन्त्रणका लागि वीरगञ्ज महानगरपालिकाले अभियान चलाउँदै आएको छ । नदी प्रदूषण गर्ने जो कसैलाई कारबाही गर्ने रणनीतिअनुसार नदीमा फोहोर गर्नेलाई महानगरपालिकाले जरिवाना गर्दै आएको छ । गत एक वर्षअघि महानगरपालिकाले सिर्सिया नदीलाई प्रदूषण गर्ने पर्सा-बारा औद्योगिक कोरिडोरमा सञ्चालित पाँचवटा उद्योगलाई जनही रु तीन/तीन लाखका दरले रु. १५ लाख जरिवाना गरेको थियो ।

महानगरले वीरगञ्ज महानगरपालिका-२१ स्थित ग्लोबल लेदर उद्योग प्रालि, अर्निका प्रोसेसिङ उद्योग प्रालि, श्रीसिद्धी टेक्सटायल्स प्रालि, मोरियम लेदर उद्योग प्रालि र वडा नं ३२ स्थित दुर्गा पुल्प एन्ड पेपर प्रालिलाई रु तीन/तीन लाखका दरले जरिवाना गरेको थियो ।

वीरगञ्ज महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ को दफा ३७ अनुसार नदी प्रदुषित गर्ने पाँचवटा उद्योगहरूलाई कारबाहीस्वरूप जरिवाना गरिएको वीरगञ्ज महानगरपालिकाले जनाएको छ । महानगगरले गत फागुनमा उद्योगहरूबाट निस्केको फोहोर सिर्सिया नदीमा फाल्ने तीनवटा ट्र्याक्टरलाई समेत नियन्त्रणमा लिई रु. एक/एक हजार जरिवाना गराएको थियो । उक्त अभियानअन्तर्गत महानगरले उपप्रमुखको संयोजकत्वमा गठन गरेको सिर्सिया नदी प्रदूषण नियन्त्रण समितिले उद्योगहरूको अनुगमन गर्दै आएको छ । अनुगमनका क्रममा नदी तटमा रहेका उद्योगहरूले त्यहाँबाट निस्कने फोहोर (रसायनयुक्त फोहोर पानी, छालाको लेदो, कोइलाको छाईलगायत वस्तु) सिधै नदीमा फाल्दै आएको भेटिएको छ । फागुन ३ मा बसेको समितिको बैठकले नदी प्रदूषण गर्ने उद्योगलाई कारबाही गर्ने निर्णय गरेको थियो ।

महानगरले लिखित रूपमै चेतावनी दिँदा समेत अटेर गरि उद्योगका फोहोर र रसायनयुक्त पानी सिधै नदिमा फाल्ने क्रम नरोकिएपछि पाँच उद्योगलाई जरीवाना गरिएको महानगर प्रमुख राजेशमान सिंहले बताउनुभयो । "सिर्सिया नदी वीरगञ्ज सहरकै लाइफलाइन हो", महानगर प्रमुख सिंहले भन्नुभयो, "त्यसकारण यो नदीलाई प्रदूषित बनाउने जोसुकै विरुद्ध महानगरले कारबाही गर्छ । नदीलाई प्रदूषणमुक्त बनाउने अभियान अब रोकिँदैन ।" तर महानगरले गर्ने सामान्य जरिवाना सिर्सिया नदी सफाइ बनाउने अभियानका लागि भने पर्याप्त नहुने स्थानीयको भनाइ छ ।

। सम्पादकीय ।

# प्रम दाहाल 'उथलपुथल' का ठेकेदार !

तेस्रो गठबन्धन सरकार गठन गरेर क्रमभङ्ग गर्ने प्रधानमन्त्री पुष्पकमल दाहाल फेरि उथलपुथलको कुरा फुकेर हाँसोको पात्र बनेका छन् । गत फागुन २१ गते 'शान्ति प्रक्रिया, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र आजको राजनीतिक' विषयक एक कार्यक्रममा 'म नमर्दासम्म देशमा उथलपुथल भइराख्छ' भनी सन्देश बाँडे । छिनछिनमा बोलीबचन फेर्ने या बोलीको ठेगान नभएका पात्रको रूपमा परिचित दाहालले नमर्दासम्म उथलपुथल हुने बखान गरेर देशको राजनीतिलाई सधैँ अस्थिर, अन्योल र अनिर्णयको देश बनाइरहने मन्त्र फुके । सशस्त्र युद्ध गरेर उथलपुथल गर्न नसक्ने माओवादी अध्यक्ष दाहालले सत्ता समीकरणलाई उथलपुथलको संज्ञा दिएर निरर्थक कुरा गर्न भ्याए । व्यर्थको कुरा गर्ने, नचाहिँदो कुरा धेरै गर्ने मानिसलाई नेपाली समाजमा बकम्फुसे भन्ने गरिन्छ । उथलपुथलको सामान्य अर्थ ठुलो परिवर्तन होत्र ठुलो हलचल हो । एउटा ठुलो दल छोडेर अर्को ठुलो दलसँग मिलेर सरकार गठन गर्नु उथलपुथल होइन । उथलपुथल कसैले चाहेर पनि छिनछिनमा हुँदैन । झूट बक्ने, गलत कुरा फलाक्ने व्यक्तिलाई नेवारी समुदायमा 'ध्वाँस' भन्ने चलन छ । समाजमा देखिने यस्ता 'ध्वाँस'हरू राजनीतिक दलमा पनि देखिएका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहालले कतै 'ध्वाँस' को उपाधी पाउन कसरत गरिरहेका त होइनन् ? विचारणीय छ ।

उथलपुथल गर्ने कामको ठेक्का के नेता दाहालले लिएका हुन् ? आफू बाचुञ्जेल उथलपुथल गरिरहने जिम्मा लिएका दाहाललाई सर्वसाधारणले प्रश्न गर्न थालेका छन्, के उथलपुथल दाहाल बाँचुञ्जेल मात्र हुन्छ ? के दाहालले जीवन छोडेपछि उथलपुथल आवश्यक हुँदैन ? उथलपुथल हुँदैन ? नयाँ सत्ता समीकरणको कामलाई उथलपुथल ठान्ने दाहालले साँच्चै देशमा आमूल परिवर्तन (उथलपुथल) भयो भने के भन्ने होलान् ? आफ्नो सरकारको आयु लम्ब्याउन एउटा दललाई खुसी पार्न अर्को दललाई विश्वासघात गर्नु उथलपुथल होइन । पुँजीवादी व्यवस्था फालेर समाजवादी व्यवस्था स्थापना भएको भए त्यसलाई उथलपुथल मान्न सकिन्छ । नेका छोडेर एमालेलाई सत्तामा सामेल गराउनु या सामेल हुनु कसरी उथलपुथल हुन्छ ?

'आत्मघाती' निर्णय गर्ने, देशघाती एमसीसी सम्झौता गर्ने प्रम दाहाललाई पार्टीभित्र अरु सच्चा कम्युनिस्ट नेताहरूले आलोचना गर्नुपर्दैन ? गल्ती सच्याउन दिनुपर्दैन ? भनिन्छ, अध्यक्ष दाहाललाई आलोचना गर्ने आँट दलका अरु नेताहरूमा छैन । भए पनि त्यस्ता नेताहरूलाई तुरुन्तै पाखामा लगाइन्छ । प्रम दाहालको जिद्दीको कारण दलभित्र असन्तुष्टि बढिरहेको खबर छापामा आइरहेको छ । गलत कार्यको आलोचना गर्दा विरोध गरेको भनी पाखा लगाउने प्रम दाहालको नेतृत्वप्रति गम्भीर आरोप लगाइएको छ । प्रम दाहाल कहिले अलि बढी काम गर्न उथलपुथल गरेको बताउँछन् भने कहिले काम गर्न दिइएन भने फेरि उथलपुथल गर्ने भनी नयाँ समीकरण सामेल दलका नेताहरूलाई तर्साउँदै छन् ।

कहिले नेकासँग, कहिले एमालेसँग गठबन्धन गरेर तेस्रो दल बनेको माओवादी केन्द्रको हैसियत के कति छ भन्ने थाहा पाउन एक्लै निर्वाचनमा लड्नुपर्छत्र एक्लै निर्वाचनमा लडेर आफ्नो हैसियत देखाउनुपर्छ । नेमकिपाले झैँ देशभर एक्लै निर्वाचनमा लड्ने आँट माओवादीमा छ ? पैसा नबाँडिकन, लोभलालच, डर धम्की नदेखाइकन सिद्धान्त र विचार प्रचार गरेर निर्वाचनमा लड्ने आँट छ ? 'जनयुद्ध' को ब्याज खाइरहेका माओवादी केन्द्र पुँजीवादी राजनीतिमा नफसेर साँच्चै समाजवादी क्रान्तिको निम्ति लाग्ला ? लागेर देशमा साँच्चैको उथलपुथल ल्याउला ? 'उथलपुथल' शब्द खोकेर देशमा उथलपुथल हुँदैन । नयाँ सत्ता समीकरण या सरकारको हेरफेरलाई उथलपुथल मान्न सकिँदैन । देश र दलको नेतृत्व गर्ने जिम्मेवार नेताहरूले यस्ता झूटा, भ्रमात्मक तथा झुक्याउने काम गर्नु बुद्धिमानी होइन । आफ्नो राजनीतिक उचाइ घटाउने काम प्रम दाहाललाई सुहाउँदैन ।

# के के हुन् देश र जनताका समस्या ?

✍ डी.पी. काफ्ले

देश सञ्चालनको मुख्य नीति राजनीति हो भन्ने कुरा सबैलाई जानकारी भएकै हो । राजनीतिले देश र जनताको रक्षा अनि सेवा गर्छ । कानुन पुराना हुँदै जाँदा सहजताको लागि कानुनहरू संशोधन गर्दै जानु राज्यको कर्तव्य हुन आउँछ । देश जोगाउन र जनतालाई साथमा लिन नयाँ कानुन बन्दै जाने गर्छ ।

राजनीतिकर्मीहरू देशको रक्षा र जनताको सेवाका विभिन्न नियमहरूलाई उठाउँदै निर्वाचनमा मत माग्दै जाने गर्दछन् । त्यसैलाई आधार बनाएर जनता मत दिने गर्दछन् । ठुला दलका नेताहरू मत माग्दा इमानदार जस्तो बन्ने तर निर्वाचित भइसकेपछि देश र जनतालाई बिर्सेर आफ्नो विकासको लागि काम गर्ने गरेको देखिन्छ । एउटा सामान्य गाउँबाट हुर्केर निर्वाचित भएको मान्छे पदमा गइसकेपछि ठुल्ठुला सपना देखेर आफ्नो स्वार्थमा लागिपर्छ । कति जनताले पनि सानासाना स्वार्थमा प्रभावित भएर मत दिने गरेको प्रशस्तै उदाहरण देखिएका छन् । त्यसले पनि नेताहरूलाई आफ्नो स्वार्थमा जान बल मिल्ने गर्छ । देश र जनताको वास्तविक समस्या अर्कै हुन्छ तर ती नेताहरूले सहायक समस्या उठाउँदै जाने गर्छन् ।

नेपालको परिवेशमा देश र जनताका समस्याहरू के के हुन् त ? ठुला दलका नेताहरूले बुझ्नु आवश्यक छ । जनताले पनि ती नेताहरूलाई आफ्ना कुराहरू प्रस्ट रूपमा राख्न सक्नुपर्छ । सानातिना स्वार्थका कारण जनता सत्य कुरा नेताहरूलाई बताउन सक्दैनन् ।

देशको समस्या जनताको पहिलो समस्या हो भने आफ्नो समस्या दोस्रो समस्या हो । देश रहे जनता रहन्छन्, जनता रहे देश समृद्ध हुन्छ । त्यसको लागि देश र जनता दुवैलाई सम्बोधन गर्न जनता र नेता दुवैको महत्त्वपूर्ण भूमिका रहन्छ ।

देशलाई विश्वसामु स्वाभिमानी बनाउनु सबै नागरिकहरूको महत्त्वपूर्ण कर्तव्य हो । देश समृद्ध भयो भने जनता स्वाभिमानी बन्छन् । कसैसँग माग्न, हात थाप्न अनि सहयोग लिनुपर्दैन । देशलाई स्वाभिमान बनाउन सरकार, नागरिक, प्रविधि र प्राविधिकको महत्त्वपूर्ण भूमिका हुने गर्छ । देशले आफूभित्र भएको प्राकृतिक स्रोत, मानवीय शक्ति तथा बौद्धिक शक्ति सही तरिकाले उपयोग गर्न लागिपर्नुपर्छ ।

नेपाल प्राकृतिक स्रोत र गौरवपूर्ण नागरिकहरूको देश हो । सरकारले चाहेमा देश र जनतालाई स्वाभिमान र समृद्ध बनाउन र बन्न महत्त्वपूर्ण योगदान गर्न सक्छ ।

देशले आफूलाई स्वाभिमान बनाउने सरकार र नागरिक मागेको छ । देशभित्र प्राकृतिक स्रोत, साधन, उपयोग गर्ने नागरिक खोजेको छ । जबसम्म त्यस्तो नेतृत्व देशले पाउने छैन तबसम्म देश गरिबीको रेखामुनि रहनेछ । देशको प्राकृतिक स्रोत र साधनको सही सदुपयोग, यसलाई उपयोग गर्ने जनशक्ति, ऊर्जाशील सरकार, कानुनी शासक, प्रतिस्पर्धा, जनशक्ति बाहिरिन नदिनु, निर्यातमा वृद्धि, उत्पादनमा तीव्र विकास, देशभक्तिपूर्ण नागरिक, सङ्घर्षशील सरकार, नवीनतम् सोच देशको लागि आवश्यक छ । सीमा विवाद समाधान र रक्षा आदि आवश्यक छ ।

मानव समाजको उत्पतिदेखि अहिलेसम्म सङ्घर्ष गरिरहेका विषयहरू योग्य र दक्ष नागरिक बन्न अनिवार्य र निःशुल्क शिक्षा, बाँच्नका लागि निःशुल्क स्वास्थ्य उपचार, काम अर्थात् रोजगारीको ग्यारेन्टी, सामाजिक समानता, उत्पादनका साधनमाथि पहुँच आदि जनताका राज्यतर्फबाट सम्बोधन गर्नुपर्ने मागहरू हुन् ।

शासकहरूले माथिका कुरा उठाउने गर्दैनन् । बाटो, पुल, छात्रवृत्ति, स्वास्थ्य बीमा, आयात, जमिनदारी प्रथा आदि सहायक कुराहरू उठाएर शासक नेताहरू अलमल्याउँछन् । जनताको सेवाका लागि भनेर शिक्षा, स्वास्थ्यलाई व्यापारीकरण, युवालाई वैदेशिक रोजगार र विदेशी लगानी, आयात बढाउने काम गर्दछन् । भित्रभित्र भ्रष्टाचार, अनियमितता, दलाली, सेवादायक क्षेत्रलाई कमिसनखोर अनि राज्यका निकायहरूलाई खराब प्रवृत्ति देखाएर जनतालाई दुःख दिने गर्छन् ।

जनताको चाहना भूमिहीनलाई भूमि, बेरोजगारलाई काम, स्वदेशमै रोजगार आदि थप समस्या हुन् । देशको मुद्रालाई कमजोर बनाएर विदेशमा लाखौँ डलर र करोडौँ नेपाली मुद्राको सपना देखाएर विदेश पठाइरहेका छन् । विदेश पठाउनेमा सरकारको पहिलो हात छ । युवा विदेश गयो भने डलर भित्रिनेछ भनेर हुनेखानेलाई म्यानपावर कम्पनी खोल्न दिएर सरकार युवाहरूलाई विदेश पठाउने गर्छ । सरकारका मान्छेहरू विदेश जानु कमाइ हुन्छ भनेर विदेश पठाउने गर्छन् । फ्रि भिसा, फ्रि टिकट भनेर सरकारले नै विदेश पठाउँछ । कतिपय म्यानपावर कम्पनीले युवाहरूलाई लाखौँ लाख रूपैयाँ ठगेर विदेश पठाइरहेको युवाहरू स्वदेश तथा विदेशमा म्यानपावर कम्पनीबाट ठगिएका छन् ।

हुने खानेका छोराहरू धेरै पैसा पाउने देशमा पठाउँछन् भने गरिबका छोरालाई कम कमाइ हुने देशमा पठाएर ऋणमा डुबाउने गर्छन् । सयौँ/हजारौँ बिगाहा जमिन हुनेहरू काठमाडौँ, अमेरिका, बेलायत आदि ठाउँमा बस्छन् तर नेपालमा जनतालाई दास बनाएर जान्छन् । सेवा सुविधा गाउँठाउँमा पुऱ्याउन र त्यहाँको प्राकृतिक सम्पत्तिलाई उपयोग गर्ने योजना नबनाएर देशमा रहेकाहरूलाई पनि अर्को ठाउँमा बसाइ सर्न बाध्य बनाउने काम सरकारबाटै भएको छ ।

बसाइँ सरेर जमिन बाँझो राखी उत्पादन घटाउने काम सरकारबाटै भइरहेको छ । युवा शक्तिलाई विदेश पठाएर बुढा, आमाबाबु, साना बालबच्चा राखेर जमिन बाँझो गराई परनिर्भर बनाउने काम सरकारबाटै भएको छ । गाउँबेँसीमा कुनै सुविधा नदिई काठमाडौँकेन्द्रित सुविधा बनाएर उपत्यकामा जनताको बसाइँ भर्ने काम गरेर राजधानीलाई फोहर राख्ने काम सरकारबाटै हुँदै आएको छ । भूमिहीनको नाममा टाठाबाठाहरूले हजारौँ हेक्टर वन म्हासेर व्यापार गरी बस्ती बसाउने काम सरकार चलाउने पार्टीबाटै भइरहेका छन् ।

देशभित्रका महत्त्वपूर्ण स्थानहरू नक्कली भूमिहीनहरूले कब्जा गरी बसेका छन् । वास्तविक भूमिहीनहरूले भूमि अधिकार पाउन सकेका छैनन् । कामदार दिक्क भएर जमिनदारको जमिन बाँझो राखेर विदेश जान बाध्य छन् । उखु किसान, सुर्ती किसान, कपास किसानको उत्पादनले मूल्य नपाएर खेती घटिरहेको छ ।

मिटरब्याजीको नाममा छोटेवाला साहुहरूले गरिब किसानलाई ठगेर बस्तीविहीन बनाइरहेका छन् । बिचौलियाहरू सरकारी तथा अर्धसरकारी निकायमा पसेर जनतालाई घुस दिन र कर्मचारीलाई घुस खुवाउन लागिपरेका छन् । देशको कुनै पक्ष सरकार र सरकार चलाउनेदेखि खुसी छैनन् । देशको प्राकृतिक स्रोत विदेशीलाई दोहन र उपभोग गर्न सरकारले विभिन्न कानुन बनाइरहेको छ ।

भारतीय विस्तारवाद र एकाधिकार पुँजीले नेपालको व्यापार, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, खोलानाला आदि माथि हस्तक्षेप गर्दै देशलाई टाट पल्टाउँदै छ । उसैसँग गाँसिएर ठुलो पार्टी र सरकारले थप उसैको नीहित स्वार्थको लागि प्रयोग गर्न दिइरहेको छ । सम्पूर्ण युवाहरू विदेश पठाएर वैदेशिक हस्तक्षेप बढाउने काम स्वयं सरकारले गर्दै आएको छ । विदेशीहरूलाई जन्मको आधारमा वंशजको नागरिकता दिएर वंशज नागरिकको अधिकार खोस्ने काम देश चलाउने विदेशी दलालहरूले दिइरहेका छन् ।

देश र जनताको हितको काम गर्न प्रतिगामी, प्रतिक्रियावादी सामन्त, पुँजीपति, विदेशी दलालहरूबाट सम्भव छैन । जसले युवा शक्तिलाई देशमा राख्ने, वर्गसङ्घर्ष गर्ने र समाजवादी गणतन्त्रको स्थापना गर्छ । त्यसबाट मात्रै देश र जनताको माग सम्बोधन गर्न सक्नेछ । त्यसको लागि हुँदा खाने जनता एक भएर साम्राज्यवाद, विस्तारवाद र पुँजीवादको अन्त्य गर्नुपर्छ; जनता एक भई लड्नुपर्छ । अनि जनताको माग पूरा हुनेछ ।

# प्रोटिन किन जरुरी छ ?

✍ अरूणा उप्रेती

प्रोटिन एमिनो एसिडहरू मिलेर बन्छ । प्रत्येक कोषको लागि यो महत्वपूर्ण हुन्छ । प्रोटिनले शरीरको कोषिका निर्माण र मर्मतमा ठुलो भूमिका निर्वाह गर्छ । कपाल र नङ स्वस्थ राख्छ । शरीरले धेरै प्रकारका आन्तरिक रस हर्मोन बनाउन प्रोटिन नै चाहिन्छ ।

शरीरलाई दैनिक काम गर्दा चाहिने शक्ति प्रोटिनबाट आउँछ । शरीरमा प्रोटिनको कमी हुँदा थकान र कमजोरी महसुस हुन थाल्छ । त्यसैले प्रोटिनयुक्त खानेकुरा उचित मात्रामा सेवन गर्नुपर्छ ।

प्रोटिनको कमी भयो भने मान्छे दुब्लाउँदै जाने हुन्छ । बच्चामा प्रोटिनको कमी भएर सुकेनास र फुकेनासको समस्यासमेत देखिन्छ । नेपालमा पहिले यस्तो समस्या धेरै थियो । यो समस्या अहिले कम हुँदै गए पनि गाउँघरतिर अझै देखिँदै छ । मधुमेह भएको व्यक्तिलाई प्रोटिन कमी भएमा शरीरमा चिनीको मात्रा नियन्त्रण गर्न समस्या हुन्छ ।

शरीरमा प्रोटिनको कमी भएमा रक्तअल्पता पनि हुन्छ । अनि रोगप्रतिरोधात्मक क्षमता कम हुँदै जान्छ । शरीरमा प्रोटिनको निकै कमी भए जोर्नीसमेत दुख्छ । जोर्नीमा पाइने तरल पदार्थको निर्माणमा समेत असर पर्छ । यसले गर्दा जोर्नीको लचिलोपन हराउँछ र जोर्नी दुख्ने गर्छ ।

एक सामान्य वयष्क व्यक्तिलाई दैनिक शरीरको तौलको प्रतिकिलोग्राम ०.८ ग्रामदेखि १ ग्राम प्रोटिन चाहिन्छ । यसबाहेक दैनिक व्यायाम गर्ने व्यक्तिका लागि प्रतिकिलोग्राम तौलमा १ ग्रामदेखि १.५ ग्राम प्रोटिनको मात्रा आवश्यक हुन्छ ।

तर प्रोटिन खाने भनेर जथाभावी धेरै खाँदा समस्या पनि हुनसक्छ । प्रोटिनको धेरै सेवन पनि हानिकारक हुनसक्छ । यसले मृगौलामा क्षति पुऱ्याउन सक्छ ।

गर्भावस्थामा भने महिलालाई सामान्य अवस्थाभन्दा बढी प्रोटिनको जरुरत पर्छ । प्रोटिनको कमीले गर्दा आमा र बच्चामा रगतको कमी पनि हुन्छ ।

बालबालिकाको लागि लिटो बनाउँदा पनि प्रोटिन भएको अन्न र गेडागुडीको प्रयोग गर्न सकिन्छ । लट्टेको दाना, गहुँ, जौ, फापर आदिमा पनि पर्याप्त प्रोटिन हुन्छ । जस्तो- १०० ग्राम लट्टेको दानामा १५ ग्राम, फापरमा १० ग्राम, चिउरामा ६.६ ग्राम प्रोटिन पाइन्छ । १०० ग्राम चना, मुसुरो, मुग, बोडी, मास, राजमामा त २० देखि २५ ग्राम प्रोटिन पाइन्छ ।

१०० ग्राम भटमासमा ४३ ग्राम प्रोटिन पाइन्छ । यस्ता दाल, गेडागुडी, अन्न आदि कुनै न कुनै वस्तु विभिन्न तरिकाले खाँदा शरीरमा पर्याप्त प्रोटिन पुग्छ ।

हरियो धनियाँ, मेथीको साग, हरियो कर्कलो, ब्रोकाउली, लसुनको पातमा पनि केही न केही प्रोटिन पाइन्छ । यसरी भान्सामा भएको दाल र अन्नको प्रयोग गरी पर्याप्त प्रोटिन खाएर स्वस्थ रहन सकिन्छ ।

शाकाहारी खानेकुरामा प्रोटिन नपाइने भन्ने होइन ।

शाकाहारी स्रोतहरूमा सोयाबिन, पनिर, दाल, गेडागुडी, ड्राइफ्रुट्स, दूध, फर्सीको बियाँ, तिल, आलस, गहुँ, चामल, कोदो, फापर, ब्रोकाउलीलगायत पर्छन् । सिमी प्रोटिन र रेसादार तत्वको निकै राम्रो स्रोत हो । पोषणविद्हरू यसलाई प्रोटिनको 'पावरहाउस' पनि भन्छन् । सुकाइएको र हरियो सिमी सबैमा प्रोटिनको साथै पर्याप्त मात्रामा भिटामिन ए, सी, के र बी पाइन्छ । एक कप उमालेको सिमीमा करिब ७ ग्राम प्रोटिन हुन्छ । माछा, अण्डा सबै प्रोटिनका स्रोत हुन् ।

गहुँ, चना, मुँग, दालजस्ता उमारिएको गेडागुडीमा प्रोटिन निकै बढी पाइन्छ । एक कप उमारिएको अन्नमा १३ देखि १६ ग्रामसम्म प्रोटिन हुन्छ । यसमा क्यालोरी कम हुने हुनाले सलादमा मिसाएर पनि खान सकिन्छ । उमालेर या पकाएर खानाले पनि यसमा भएको प्रोटिनले फाइदा नै दिन्छ । शिशुको शरीरमा प्रोटिन पाउनको लागि घरमा बनाएको खाना नै दिनुपर्छ ।

बट्टाका शिशु भोजनमा प्रोटिन कम तर बढी चिनी, बढी नुन र बढी चिल्लो हुन्छ र सानैदेखि शरीरमा यस्ता तत्वहरू बढी हुँदा पछि स्वास्थ्यमा अनेक थरीका समस्या पर्न सक्छ । हाम्रो पुरानो चलनअनुसारका विभिन्न अन्नहरू मिसाएर बनाएको पिठोको लिटो, हलुवामा प्रोटिनको साथै शिशुको शरीरलाई आवश्यक पर्ने सबै पौष्टिक तत्त्व पाइन्छ । त्यसै गरी सुत्केरी र गर्भवती आमाको लागि चाहिने प्रोटिनयुक्त पौष्टिक तत्त्वहरू पनि घरेलु खानाबाट नै पाइन्छ ।

दालमा प्रोटिनको मात्राको साथै रेसादार तत्त्व पनि पर्याप्त हुन्छ । भात र तरकारीसँग दाल मिश्रण गरेर खाँदा शरीरमा चाहिने खनिज तत्त्वहरू सहजै शरीरमा जान्छ । दाल, गेडागुडीमा रहेको रेसादार तत्त्वको कारणले शरीरमा चिनीको मात्रा सन्तुलनमा राख्न मद्दत गर्छ । प्रोफेसर पिटर इलिस (किङ्स कलेज, लन्डन) भन्छन्, 'प्रोटिनयुक्त विभिन्न दालहरू प्रयोग गर्दा आलु खाएजस्तो शरीरमा एक्कासि इन्सुलिनको मात्रा बढ्दैन । त्यसले गर्दा चिनीको मात्रामा घटबढ हुन पाउँदैन ।'

प्रोटिनले भरिपूर्ण 'पूरक आहार' खानुपर्छ भनेर धेरै भ्रामक विज्ञापन भइरहेको हुन्छ ।

यसको लागि विश्वभरमा खर्बौं रुपियाँ खर्च गरिन्छ । मान्छेलाई स्वस्थ रहन 'बजारको प्रोटिन' चाहिन्छ भन्ने भ्रम छ । तर प्रोटिन पाउन महँगा औषधि र प्रोटिन सेक खान पर्दैन ।

शाकाहारी व्यक्तिले पनि विभिन्न वनस्पति, अन्न आदिको प्रयोग गरेमा पर्याप्त प्रोटिन पाउन सकिन्छ । तर, बुझ्नुपर्ने कुरा के छ भने मधुमेह, मृगौला समस्या, मुटुका समस्यालगायत विभिन्न शारीरिक समस्या भएकाहरूले कति प्रोटिन प्रयोग गर्नु उपयुक्त हुन्छ भन्नेबारेमा स्वास्थ्यकर्मीसँग परामर्श लिनुपर्छ ।

# व्यापार र अर्थतन्त्रमा चीन – संरा अमेरिकाबिच परस्पर हितकारी एवम् जित–जित सहकार्य

चीन र संरा अमेरिकाबिचको कूटनीतिक सम्बन्धको स्थापनासँगै आर्थिक र व्यापारिक सम्बन्धको विकास पनि तीव्र ढङ्गले विस्तार भयो। लगानी र व्यापारको क्षेत्रमा उल्लेख्य प्रतिफल प्राप्त गऱ्यो। बलियो एकताबाट चीनले उल्लेखनीय लाभ हासिल गऱ्यो। चीनको विकासबाट सिर्जित अवसर र प्रतिफलबाट संरा अमेरिकाले व्यापक आर्थिक लाभ हासिल गऱ्यो। यो स्वयम्सिद्ध प्रमाण हो कि चीन – अमेरिकी स्वस्थ व्यापार र आर्थिक सम्बन्ध दुवै देशका लागि अत्यन्त महत्त्वपूर्ण छ।

**१) वस्तुहरूको व्यापारमा चीन र संरा अमेरिका एक अर्काका महत्त्वपूर्ण साझेदार हुन्**

वस्तुहरूको दोहोरो किनबेच तीव्ररूपले बढेको छ। चिनियाँ तथ्याङ्कअनुसार सन् २०१७ मा चीन र संरा अमेरिकाबिच वस्तुहरूको व्यापार ५८३.७ अर्ब अमेरिकी डलर बराबरको भयो। यो भनेको दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापनाको वर्ष अर्थात् सन् १९७९ को तुलनामा २३३ गुणा र चीनले विश्व व्यापार सङ्गठनमा प्रवेश गरेको वर्ष अर्थात् सन् २००१ को तुलनामा ७ गुणाले बढी हो।

हाल, संरा अमेरिका चीनको सबैभन्दा ठुलो निर्यात बजार हो भने छैटौँ ठुलो आयातको स्रोत हो। सन् २०१७ मा संरा अमेरिकाले चिनियाँ निर्यातको १९ प्रतिशत प्राप्त गऱ्यो र चिनियाँ आयातको ८ प्रतिशत अमेरिकाले उपलब्ध गरायो। चीन संरा अमेरिकी सामानको लागि छिटो विकास र विस्तार भएको निर्यात बजार हो भने संयुक्त राज्यको आयातको ठुलो स्रोत हो। सन् २०१७ मा संरा अमेरिकी निर्यातको ८ प्रतिशत चीन पठाइएको थियो।

चीनमा संरा अमेरिकी निर्यात विश्वव्यापी औसत दरभन्दा अत्यन्त छिटो वृद्धि भइरहेको देखिन्छ। विश्व व्यापार सङ्गठनमा प्रवेश भएसँगै संरा अमेरिकी निर्यातका लागि चीन महत्त्वपूर्ण बजार बन्यो र द्रुतगतिमा फैलियो। संयुक्त राष्ट्र सङ्घको तथ्याङ्कले भन्छ, "सन् २०१७ मा संरा अमेरिकाले चीनमा गरेको सामानको निर्यात १२९.८९ अर्ब अमेरिकी डलर बराबरको छ।" यो सन् २००१ मा १९.१८ अर्ब अमेरिकी डलरबाट ५७७ प्रतिशतले वृद्धि भएको तथ्याङ्क हो। समग्र संरा अमेरिकी निर्यातको औसत वृद्धि दर ११२ प्रतिशत हुँदा यो वृद्धि दरलाई अत्यधिक उच्च मान्नु पर्दछ।

***रेखाचित्र १: संरा अमेरिकाको विश्वव्यापी निर्यात व्यापारभन्दा चीनमा हुने निर्यात तीव्र वृद्धि (प्रतिशतमा)***

चीन संरा अमेरिकी सामानहरू जस्तै– हवाईजहाज, कृषिजन्य उत्पादन, अटोमोबाइलहरू र आई.सी. सर्किट (Integrate Circuits –IC) चिप्सको प्रमुख आयात बजार हो। चीन संरा अमेरिकी हवाईजहाज र भटमासको नं. १ र संरा अमेरिकी अटोमोबाइल, आइसी (IC) चिप्स र कपासको नं. २ आयात बजार हो। सन् २०१७ मा मात्र संरा अमेरिकाको ५७ प्रतिशत भटमास चीनले आयात गऱ्यो। त्यस्तै बोइङ विमान २५ प्रतिशत, अटोमोबाइल २० प्रतिशत, आइसी चिप्स १४ प्रतिशत र कपास १७ प्रतिशत आयात गऱ्यो।

चीन र संरा अमेरिकाबिच दुईपक्षीय व्यापारमा बलियो परिपूरक सम्बन्ध छ। विश्वव्यापी मूल्य चक्र (value chains) मा संरा अमेरिकाले मध्यम र उच्च मूल्यका प्रतिनिधित्व गर्छ र चीनमा पुँजीगत वस्तु र मध्यवर्ती (intermidiary) वस्तुहरूको निर्यात गर्छ। विश्वव्यापी मूल्य चक्रमा चीनले मध्यम र न्यूनतम मूल्यको नेतृत्व गर्दै उपभोग्य वस्तुहरू एवम् उत्पादित अन्तिम वस्तु संरा अमेरिकामा निर्यात गर्छ। दुई देशले एक अर्काको तुलनात्मक शक्तिका लागि र दुईपक्षीय व्यापारका लागि परिपूरक भूमिका निर्वाह गर्छन्।

सन् २०१७ मा चीनले संरा अमेरिकामा निर्यात गरेको ३ शीर्ष वस्तुहरू निम्न छन् :

१) विद्युतीय मेसिनहरू/विद्युतजन्य उत्पादन
२) मेकानिकल उपकरण र पार्टपुर्जा
३) फर्निचर/बत्ती

अमेरिका निर्यात गरिने यी सामान चीनको कूल निर्यातको ५३.५ प्रतिशत हो।

चीनले अमेरिकाबाट सबैभन्दा बढी आयात गर्ने तीन वस्तुहरू निम्न छन् –

१) मेसिनरी / विद्युतीय उपकरण/पार्टपुर्जा
२) मेकानिकल उपकरण र पार्टपुर्जा
३) अटोमोबाइल र पार्टपुर्जा

अमेरिकाबाट आयात गरिने यी सामान चीनको कूल आयातको ३१.८ प्रतिशत छ। मेसिनरी र विद्युतीय उत्पादनले मात्र दुईपक्षीय व्यापारमा विशाल भाग ओगट्छ। दुई पक्षबिच अन्तर–उद्योग व्यापारका विशेषताहरूको प्रमाण यहाँ दिइएको छ (तालिका १)।

चीनले अमेरिकामा निर्यात गर्ने धेरैजसो उच्च–प्रविधियुक्त उत्पादन (hi-tech products) वस्तुहरू श्रमप्रधान (Labour-intensive) प्रक्रियाबाट उत्पादन गरिन्छ। जसका लागि मुख्य सहायक उपकरण र मध्यवर्ती (intermediary) उत्पादनहरू ठुलो मात्रामा आयात गरिन्छ। साथसाथै मूल्यको अन्तर्राष्ट्रिय रुपान्तरणसमेत हुन्छ।

**२) सेवा क्षेत्रमा दुईपक्षीय व्यापारको तीव्रगतिमा विकास**

संरा अमेरिकाको सेवा उद्योगहरू अत्यन्त उन्नत र पूर्णरूपले स्थापित तथा अन्तर्राष्ट्रिय बजारमा अत्यन्त प्रतिस्पर्धा छ। चिनियाँ अर्थतन्त्रको विकाससँगै भएको चिनियाँ जनताको जीवनस्तरमा आएको परिवर्तनका कारण सेवा क्षेत्रको माग पनि बढ्यो र दुईपक्षीय सेवा व्यापार द्रुत ढङ्गले विस्तार भयो। संरा अमेरिकी तथ्याङ्कअनुसार सेवा क्षेत्रमा दुईपक्षीय (Two-way) व्यापार सन् २००७ मा २४.९४ अर्ब अमेरिकी डलरबाट सन् २०१७ सम्ममा ७५.०५ अर्ब अमेरिकी डलर पुग्यो। जनवादी गणतन्त्र चीनको वाणिज्य मन्त्रालय The Ministry of Commerce of the People's Republic of China, MOFCOM) का अनुसार सेवा क्षेत्रमा चीन संरा अमेरिकाको दोस्रो ठुलो साझेदार देश हो। संरा अमेरिकाको वाणिज्य विभाग (US Department of Commerce, USDOC) का अनुसार चीन संरा अमेरिकी सेवा निर्यातको लागि तेस्रो ठुलो बजार हो।

चीनको सेवा क्षेत्रको व्यापारमा चीनको घाटाको प्रमुख स्रोत संरा अमेरिका नै हो र यो छिटो वृद्धि हुँदै छ। संरा अमेरिकाले चीनमा गर्ने सेवा निर्यात सन् २००७ यता ३४० प्रतिशतले वृद्धि भएको संरा अमेरिकी तथ्याङ्कले देखाउँछ। सन् २००७ मा १३.१४ अर्ब अमेरिकी डलरबाट सन् २०१७ सम्ममा ५७.६३ अर्ब अमेरिकी डलरले वृद्धि भएको तथ्याङ्क छ। त्यही समयावधिमा संरा अमेरिकाले अन्य देशहरू तथा क्षेत्रमा गर्ने सेवा निर्यात भने १८० प्रतिशतले मात्र बढेको देखिन्छ। सेवा क्षेत्रमा चीनबाट संरा अमेरिकाको अतिरिक्त नाफामात्र ३० देखि ४०.२ अर्ब अमेरिकी डलरले वृद्धि भएको देखिन्छ (रेखाचित्र २)। हाल सेवा व्यापारमा चीनको कूल घाटाको २० प्रतिशत संरा अमेरिकाबाट मात्र हुन्छ र अनौपचारिकरूपमा अध्ययनले यही नै चीनको घाटाको प्रमुख स्रोत बताउँछ। संरा अमेरिकासँग चीनको ह्रास मुख्य तीन क्षेत्रमा केन्द्रित छ – पर्यटन, यातायात र बौद्धिक सम्पत्तिको रोयल्टी।

***रेखाचित्र २ : संरा अमेरिकाले सेवा क्षेत्रमा गर्ने आयात र चीनमा गर्ने निर्यात (१० करोड अमेरिकी डलरमा)***

पर्यटन क्षेत्रमा संरा अमेरिकासँग चीनको व्यापार घाटा निरन्तर फराकिलो बन्दै छ। वाणिज्य विभाग (DOC) का अनुसार सन् २०१६ सम्म करिब १३ वर्षको दौरानमा चिनियाँ मुख्य भूमिका यात्रुहरूको ठुलो सङ्ख्या अमेरिकातिर गएको देखिन्छ। उक्त १३ वर्षको दौरानमा झन्डै १२ वर्ष दोहोरो अङ्कको वृद्धि दर थियो।

सन् २०१७ मा पर्यटन, शिक्षा र स्वास्थ्य उपचारका लागि कूल ५१ अर्ब अमेरिकी डलर खर्चेर चिनियाँहरू संरा अमेरिकामा गएको तथ्याङ्क चिनियाँ वाणिज्य मन्त्रालय (MOFCOM) ले अघि सारेको छ। त्यसमध्ये ३० लाख चिनियाँ पर्यटकहरूले संरा अमेरिकामा ३३ अर्ब अमेरिकी डलर खर्चे। शिक्षा क्षेत्रको कुरा गर्दा संरा अमेरिका धेरैजसो चिनियाँ विद्यार्थीको वैदेशिक गन्तव्यस्थल नै हो भन्दा फरक नपर्ला। सन् २०१७ मा करिब ४२ लाख चिनियाँ विद्यार्थीहरू अध्ययनका निमित्त संरा अमेरिकामा गएका थिए। त्यो सङ्ख्याले त्यहाँको स्थानीय आम्दानीमा करिब १८ अर्ब अमेरिकी डलर योगदान गर्छ। संरा अमेरिकाकै तथ्याङ्कअनुसार पर्यटन क्षेत्रमा संरा अमेरिकासँग चीनको व्यापार घाटा सन् २००६ मा ४३ करोड अमेरिकी डलरबाट सन् २०१६ सम्ममा २६.२ अर्ब अमेरिकी डलर पुग्यो। उक्त व्यापार घाटाको बढोत्तरीले सेवा क्षेत्रमा व्यापार घाटाको औसत वार्षिक वृद्धि ५०.८ प्रतिशतले भएको सङ्केत गर्छ।

संरा अमेरिकाको बौद्धिक सम्पत्ति प्रयोग गरेबापत चीनले दिने भुक्तानी निरन्तर आकासिँदै छ। चिनियाँ तथ्याङ्कअनुसार संरा अमेरिका नै चीनले बौद्धिक सम्पत्ति आयात गर्ने सबैभन्दा ठुलो स्रोत हो। सन् २०१२ बाट २०१६ सम्ममा चीनले अमेरिकाबाट झन्डै २८ हजार ओटा बौद्धिक सम्पत्ति आयात गरेको देखिन्छ। चीनले दिने भुक्तानी ६ वर्षमा दोब्बर बढेको छ – सन् २०११ मा ३.४६ अर्ब अमेरिकी डलरबाट सन् २०१७ सम्ममा ७.२ अर्ब अमेरिकी डलर पुग्यो (रेखाचित्र ३)। चीनले बौद्धिक सम्पत्तिका लागि संरा अमेरिकालाई गर्ने भुक्तानी अन्य देशलाई गर्ने कूल भुक्तानीको एकतिहाइ छ।

***स्रोत: चीन–संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र***

## संरा अमेरिकाले चीनविरुद्ध छेडेको व्यापार युद्धमा चीनको स्थान र तथ्यहरू

चीन संसारको सबैभन्दा ठुलो विकासोन्मुख देश हो भने संरा अमेरिका सबैभन्दा ठुलो विकसित देश। चीन र संरा अमेरिकाबिचको व्यापार र आर्थिक सम्बन्ध दुवै देशका लागि उत्तिकै अपरिहार्य र लाभदायक हुनुका साथै विश्व अर्थतन्त्रको स्थिरता र विकासका निमित्त ज्यादै महत्त्वपूर्ण छ।

दुई देशबिच कूटनीतिक सम्बन्धको स्थापनालगत्तै दुईपक्षीय व्यापार र आर्थिक सम्बन्ध पनि तीव्ररूपले विकास भयो। दुई देशको चासो र चाहनामा आधारित साझेदारी र सहकार्य व्यापक बन्दै गयो। यो साझेदारीबाट दुवै देशले लाभ हासिल गरे। सारा संसारको निम्ति पनि उक्त साझेदारी हितकर रह्यो। नयाँ शताब्दीको सुरुआतसँगै आर्थिक विश्वव्यापीकरणमा उल्लेखनीय प्रगति भयो। विश्व व्यापार सङ्गठनका नियमसँगै थुप्रै बहुपक्षीय नियम र दुईपक्षीय सम्झौताहरूमा संरा अमेरिका र चीन दुवैले जिम्मेवारी बहन गरे। त्यसले आर्थिक र व्यापार सम्बन्धलाई अझ गहिराइमा पुऱ्याउन मद्दत गऱ्यो।

तुलनात्मक शक्ति र बजारको छनोटका आधारमा दुई देशले उपलब्धिमूलक संरचनात्मक सहकार्य र चासोको विषयहरूको एकरूपताजस्ता विशेषतासहितको आपसी लाभदायक सम्बन्ध निर्माण गरे। चीन र संरा अमेरिकाबिच स्थापित नजिकको सहकार्य र परिपूरक आर्थिक सम्बन्धले दुवै देशको आर्थिक वृद्धि, औद्योगिक बढोत्तरी र संरचनात्मक उत्कृष्टतालाई थप बढावा दियो। त्यतिमात्र होइन विश्वव्यापी मूल्य चक्र (Global value chains) को प्रभावकारिता बढेको छ। उत्पादन लागत अत्यधिक घटेको छ। उत्पादन विविधताले ठुलो आकार लिएको छ। विश्वजगत विशेषगरी दुई देशका व्यापारिक क्षेत्र र उपभोक्तालाई फाइदा भएको छ। अवसरको विशाल ढोका खुलेको छ।

चीन र संरा अमेरिका विकासका फरक चरणमा छन्। दुवैसँग फरक आर्थिक प्रणाली छन्। त्यसकारण, समयसँगै केही व्यापार असमझदारी (friction) स्वाभाविक एवम् प्राकृतिक हो। यद्यपि, असमझदारी सल्टाउने उपाय अथवा साँचो भनेकै आपसी विश्वासलाई कायम राख्नु, सहकार्यलाई बढावा दिनु र भिन्नता व्यवस्थापन गर्नु हो।


समान, तर्कसङ्गत र एक अर्काको मध्यमार्ग (halfway) पहिल्याउने उद्देश्यसहित दुई देशले धेरै सङ्ख्यामा सञ्चार र समन्वयका संयन्त्रहरू निर्माण गरेका छन्। वित्त र व्यापारमा संयुक्त आयोग, रणनीतिक एवम् आर्थिक संवाद, व्यापक आर्थिक संवाद आदि केही उदाहरण हुन्। यी संयन्त्रले सबैखाले बाधा अड्चन समाधानका लागि र आर्थिक तथा व्यापार सम्बन्ध अगाडि बढाउन आवश्यक बल प्रदान गरे। समग्र दुईपक्षीय सम्बन्ध विस्तारमा यसले भरपर्दो यन्त्रको रूपमा सघायो।

सन् २०१७ मा संरा अमेरिकी नयाँ प्रशासनले आफ्नो कार्य सुरु गरेसँगै 'अमेरिका पहिलो' को नीतिलाई जोड दियो, ठुलो महत्त्वका साथ होहल्ला गऱ्यो। संरा अमेरिकाले अन्तर्राष्ट्रिय सम्बन्धलाई डोऱ्याउने अर्थात् दिशानिर्देश गर्ने, आपसी सम्मान र सम्मानजनक परामर्शको आधारभूत मान्यता एवम् नियमहरूलाई त्याग्दै गयो। बरु, एकपक्षीयवाद, संरक्षणवाद र आर्थिक प्रभुत्ववादको निर्लज्जतापूर्वक पक्ष लियो। थुप्रै देश र क्षेत्रहरूमाथि झूटा आरोप लगायो। विशेषतः आर्थिक मामिलामा अन्य देशलाई चीनले धम्क्याएको आरोप लगायो। चरम दबाब सृजना गरी चीनले आफ्नो स्वार्थ अन्य देशमाथि थोपर्ने र भन्सार कर लाद्ने काम गरिरहेको झूटो आरोप पनि संरा अमेरिकाले लगायो।


चीनले दुई पक्षबिचको साझा चासो र विश्व व्यापार व्यवस्थाको आधारमा संरा अमेरिकालाई प्रतिक्रिया दिएको छ। चीनले वार्ता र परामर्शको माध्यमबाट उपायको खोजी गऱ्यो। धैर्य र असल विश्वासको उच्चतम तहबाट चीनले संरा अमेरिकालाई जवाफ दिइरहेको छ।

विचलन र चर्को बदलाको भावना उठिरहेको यो बेला चिनियाँ पक्ष भने यस्ता भिन्नताहरूबिच साझा समझदारी र धरातलको खोजी गर्ने मनोवृत्तिमा केन्द्रित छ। चीनले थुप्रै कठिनाइलाई जित्यो। समाधानका व्यवहारिक उपायहरूको प्रस्ताव राख्दै संरा अमेरिकी पक्षसँग वार्ता र छलफलका थुप्रै चरणहरूको आयोजना गरेर चीन – संरा अमेरिकाबिच आर्थिक र व्यापारिक सम्बन्धको स्थायित्वका लागि ठुलो बल पुऱ्यायो र अगुवाइ गऱ्यो। तथापि, संरा अमेरिका स्वयम् विरोधाभाषपूर्ण व्यवहार गर्दै छ र चीनलाई लगातार चुनौती दिँदै छ। परिणामस्वरूप दुई पक्षबिचको व्यापार तथा आर्थिक असमझदारी (घर्षण) छोटो समय अवधिमै चर्कियो। यसले दुई सरकार र दुई देशका जनताको सामूहिक कार्यबाट वर्षौँदेखि स्थापित आर्थिक तथा व्यापारिक सम्बन्धमा ठुलो क्षति पुऱ्यायो। त्यतिमात्र होइन बहुपक्षीय व्यापार प्रणाली र स्वतन्त्र व्यापारको सिद्धान्तमाथि विनाशकारी खतरा बढायो।

चीन र संरा अमेरिकी आर्थिक तथा व्यापारिक सम्बन्धबारे, संरा अमेरिकासँगका व्यापार असमझदारीमा चीनको दृष्टिकोण र अडानबारे तथ्यहरू स्पष्ट पार्न एवम् व्यवहारिक समाधानका उपायका लागि चिनियाँ सरकारले यो श्वेतपत्र जारी गरेको हो।




*स्रोत : UNCTAD*




*स्रोत : आर्थिक अध्ययन विभाग US DOC*



भारतको पन्जाब प्रान्तको राजधानी अमृतसरको रेलवे स्टेसनबाट हरियाणा-पन्जाब राज्य सीमाको शम्भुको लागि प्रस्थान गर्नुअघि किसानहरूले न्यूनतम बालीको मूल्यको माग गर्दै विरोध प्रदर्शनको क्रममा नारा लगाउँदै भारतीय किसानहरू ३० मार्च, २०२४ का दिन । ट्र्याक्टरमा सवार हजारौँ भारतीय किसानहरू नयाँ दिल्लीतर्फ अघि बढी आफ्नो आन्दोलन पुन: सुरु गर्न तयार छन् । आफ्नो बाली उत्पादनको निम्नतम मूल्यको लागि नरेन्द्र मोदी नेतृत्वको भाजपा सरकारसँग गरेको सम्झौता लागु गराउन असफल भएपछि भारतीय किसानहरू पुन: आन्दोलित बनेका छन् ।

*तस्बिर : नरेन्द्र नानु/एएफपी*

# उत्तर कोरियालाई लक्षित गरी ल्याइएको प्रस्तावमाथि रूसद्वारा भिटो प्रयोग

न्युयोर्क, १७ चैत (एएनआई) । उत्तर कोरियाले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् (यूएनएससी) प्रतिबन्ध उल्लङ्घनको अनुसन्धान जिम्मेवारी प्राप्त विशेषज्ञको स्वतन्त्र समिति नवीकरण गर्ने उद्देश्यले गरिएको प्रस्तावलाई अवरुद्ध गर्दै रूसले बिहीबार संयुक्त राष्ट्र सङ्घमा आफ्नो भिटो शक्तिको प्रयोग गरेको छ ।

युक्रेनमा भएको द्वन्द्व र यूएनएससी प्रतिबन्ध उल्लङ्घनको अनुसन्धान विशेषज्ञ समिति निर्माणको प्रस्तावले मस्को र पश्चिमी देशबिच थप तनाव बढेको हो । पछिल्लो समय उत्तर कोरियाले युएनएससी प्रतिबन्ध उल्लङ्गन गर्दै रूसको मुख्य युद्ध हतियार आपूर्तिकर्ताको रूपमा देखा परेको यूरोपेली मुलुकहरूको बुझाइ छ ।

प्योङयाङको ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमको विस्तार गर्दै उत्तर कोरियाली नेता किम जोङ उनले अमेरिकी भूमिमा पुग्न सक्ने लामो दूरीको अन्तरमहाद्वीपीय क्षेप्यास्त्रसहित थुप्रै हतियार परीक्षण गर्न आफ्नो सेनालाई प्रोत्साहित गर्नुभएको छ । रूसले उत्तर कोरियाको अवैध हतियार कार्यक्रममा अन्तर्राष्ट्रिय प्रतिबन्ध र संयुक्त राष्ट्रको अनुसन्धानलाई समर्थन गरेको सीएनएनले जनाएको छ ।

यद्यपि, युक्रेनमा हाबी गम्भीर सङ्कटको बिचमा गतिशीलता परिवर्तन हुँदा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले हतियारको लागि उत्तर कोरियामा निर्भरता बढाएको देखिन्छ ।

संयुक्त राष्ट्रसङ्घको लागि रूसी राजदूत भासिली नेबेन्जियाले उत्तर कोरियामाथि संयुक्त राष्ट्रसङ्घले लगाएको प्रतिबन्धले प्रासङ्गिकता गुमाई वास्तविकताबाट अलगिएकाले भिटो प्रयोग गरेको बताउनुभएको छ । उहाँले सन् २००६ देखि नै प्रतिबन्धको प्रभावकारिताको आलोचना गर्दै लक्ष्य विमुख भएको कोरियाली प्रायद्वीपमा सकारात्मक परिवर्तनमा योगदान नगरेको तर्क गर्नुभएको छ । नेबेन्जियाले रूसको राष्ट्रिय सुरक्षा चासोलाई प्रत्यक्ष असर पार्ने गरी अमेरिकी नेतृत्वमा रहेका देशहरूको गठबन्धनले प्योङयाङका गतिविधिलाई अवरोध पुऱ्याएको सम्बन्धमा रूसी चिन्तासमेत उल्लेख गर्नुभयो ।

पन्ध्र सदस्यीय सुरक्षा परिषद्का सदस्यको उपस्थितिमा१३ सदस्यहरूले विशेषज्ञको समितिको काम नवीकरण गर्ने पक्षमा थिए । छलफलमा रूसले विरोध जनाएको र चीन अनुपस्थित रहेको थियो । बहुमत सदस्यहरू पक्षमा रहँदा रहँदै पनि रूसको भिटो शक्तिले प्रस्तावलाई अन्तत: असफल तुल्यायो ।

# श्रीलङ्कालाई आर्थिक सहयोगको निरन्तरता दिन चीन सहमत

पेइचिङ, १७ चैत (एएफपी) । चीनले श्रीलङ्कालाई दिने सहयोग जारी राख्ने बताएको छ । आर्थिक सङ्कटपछि अहिले क्रमिकरूपमा राहत महसुस गरेको श्रीलङ्काका प्रधानमन्त्रीले ऋण पुनर्संरचना सम्झौतालाई अन्तिम रूप दिन पेइचिङको भ्रमण शनिबार पूरा भएको छ ।

चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता र बोआओ फोरममा सहभागी हुन प्रधानमन्त्री दिनेश गुणवर्धने सोमबार चीन पुग्नुभएको हो ।

श्रीलङ्काको वर्षौंदेखिको आर्थिक सङ्कट गुणवर्धनेको भ्रमणको क्रममा एजेन्डामा उच्च थियो । श्रीलङ्काको कुल विदेशी ऋणको लगभग १० प्रतिशत हिस्सा चीनले ओगटेको छ ।

पेइचिङको विदेश मन्त्रालयले शुक्रबार जारी गरेको संयुक्त द्विपक्षीय वक्तव्यमा भनिएको छ, "चीनले आफ्ना वित्तीय संस्थाहरूलाई श्रीलङ्कासँग सक्रियरूपमा वार्ता गर्न, अन्य ऋणदाताहरूसँग मैत्रीपूर्ण संवाद कायम गर्न, अन्तर्राष्ट्रिय मुद्रा कोषमा सकारात्मक भूमिका निर्वाह गर्न र श्रीलङ्कालाई आर्थिक राहतमा सहयोग गर्न सहयोग जारी राख्न इच्छुक छ ।"

"बन्दरगाह सहर कोलम्बो र हम्बनटोटा विकास परियोजनालाई प्रवर्द्धन गर्न दुवै पक्ष सहमत भएका छन्, जसलाई 'बेल्ट एन्ड रोड' को चीन-श्रीलङ्का संयुक्त निर्माणको दीर्घकालीन परियोजनामा परिणत गर्न सकिन्छ," चिनियाँ राष्ट्रपति सीको विश्वव्यापी पूर्वाधार पहल 'बेल्ट एन्ड रोड' लाई उद्धृत गर्दै विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सन् २०१५ सम्मको एक दशक शासन गरेका पूर्वराष्ट्रपति महिन्दा राजापाक्षेले सुरु गरेको सेतो हात्ती लक्षित परियोजनामा हम्बनटोटाको दक्षिणी बन्दरगाहलाई पनि मानिएको छ ।

सन् २०२२ को अप्रिलमा श्रीलङ्काले खाद्यान्न, इन्धन र औषधिजस्ता अत्यावश्यक वस्तुको आयातका लागि समेत विदेशी मुद्रा अभाव भएपछि ४६ अर्ब अमेरिकी डलर बराबरको बाह्य ऋण तिर्न सकेको थिएन ।

चीनले डिसेम्बरमा श्रीलङ्काको ऋणको पुनर्संरचना गर्न 'सैद्धान्तिक रूपमा' सहमति जनाएको थियो, तर कोलम्बो र पेइचिङले विस्तृत विवरण दिएको थिएन र दुवैले सम्झौतालाई अन्तिम रूप दिन बाँकी छ ।

श्रीलङ्का सरकारले गत जनवरीमा अप्रिलको सुरुसम्ममा विदेशी ऋण पुनर्संरचनालाई अन्तिम रूप दिने बताएको थियो ।

# अफगानी विश्वविद्यालयमा डेढ वर्षदेखि किशोरीको प्रवेशमा रोक

काबुल, १७ चैत (एएनआई) । अफगानी ससकारको गैर जिम्मेवारपूर्ण प्रवृतिको परिणामस्वरुप निरन्तर करिब डेढ वर्ष (४५० दिन) भन्दा बढी समय अफगानिस्तानका विश्वविद्यालयहरू बालिकाहरूका लागि बन्द छन् । यसको चौतर्फी आलोचना भइरहेको छ । लामो समयदेखि गैर-मानवीय निर्णय बमोजिम बन्द भएका अफगानी विद्यालय तथा विश्वविद्यालयहरू अझै खोल्ने कुनै सङ्केत नदेखिएको टोलो न्यूजले जनाएको छ ।

शिक्षाबाट वञ्चित हुनु परेका निराशा बालिकाहरूले आफ्नो शैक्षिक गतिविधिमा भएको उल्लेखनीय ढिलाइलाई उजागर गर्दै यस वर्ष विश्वविद्यालयहरू पुन: खोल्ने विषयलाई प्राथमिकता दिन तालिबानी कामचलाउ सरकारलाई आग्रह गरेका छन् ।

पिडित अफगानी बालिकाको तर्फबाट बोल्दै खदिजाले किशोरीहरूको शिक्षाले सम्पूर्ण परिवारको साक्षरता र विकासलाई प्रतिबिम्बित गर्ने बताउनुभएको छ । खादिजाजस्तै धेरै अफगानी महिलाले सुरक्षाका कारण आफ्नो पूरा नाम उल्लेख गर्न चाहन्नन् । खदिजाले भन्नुभयो, "संवेदनशील विषयलाई बेवास्ता गर्नाले समग्रमा देशको हरेक प्रगतिलाई खतरामा पार्ने सम्भावना बढेको छ ।

पीडितको भावनालाई प्रतिनिधित्व गर्दै नारो थर भएकी एक अर्की महिलाले बालिकाहरूका लागि विद्यालय र विश्वविद्यालयहरूको ढोका खोल्न आग्रह गर्नुभएको छ । गुणस्तरीय शिक्षाको निरन्तर प्राप्तिले मात्र उनीहरूको शिक्षा बलियो र प्रगतिशील समाज निर्माणका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उनीहरूको भनाइ छ ।

यस सन्दर्भमा विश्वविद्यालयका प्राध्यापकहरूले समेत चिन्ता व्यक्त गर्दै किशोरीहरूका लागि विश्वविद्यालयहरू निरन्तर बन्द हुँदा देशको प्रगतिमा बाधा पुग्ने डर पलाएको उल्लेख गर्नुभएको छ ।

शिक्षाविद् जकिउल्लाह मोहम्मदीले शिक्षामा समान पहुँच सुनिश्चित गर्नु प्रभावकारी शासन र सामाजिक प्रगतिको आधार भएको बताउनुभएको छ ।

पूर्वराष्ट्रपति हमिद करजाईले नर्वेका उपराजदूतसँगको छलफलका क्रममा बालिकाका लागि शैक्षिक संस्थाहरू पुन: खोल्ने आवश्यकतालाई जोड दिनुभएको छ ।

पुन:खोल्ने सम्बन्धमा तालिबानबाट नयाँ घोषणाहरू नभए पनि उनीहरूको शिक्षाको अधिकारका सम्बन्धमा कामचलाउ सरकारले दिएको अघिल्लो आश्वासनलाई स्मरण गरिएको छ ।

सन् २०२१ मा तालिबान सत्तामा फर्किएपछि सरकारको निर्देशन अनुसार विद्यालयहरूले छ कक्षा पढिसकेका बालिकाहरूलाई विद्यालय तथा विश्वविद्यालय स्तरको कक्षा प्रवेशमा रोक लगाएका टोलो न्यूजले जनाएको छ ।

## विश्व सङ्क्षेप

# भेनेजुयलाका राष्ट्रपति निर्वाचनका लागि माचाडोद्वारा अन्तर्राष्ट्रिय दबाब दिन आग्रह

काराकास, १७ चैत (एएफपी) । भेनेजुयलाका विपक्षी नेता मारिया कोरिना माचाडोले आफ्नो गठबन्धनको उम्मेदवारलाई आगामी जुलाईमा हुने निर्वाचनमा भाग लिने वातावरण बनाउन अन्तर्राष्ट्रिय समुदायको थप दबाबको लागि याचना गर्नुभएको छ ।

डेमोक्रेयाटिक युनिटरी प्ल्याटफर्म (पीयूडीकी) नेतृ ८० वर्षीया मारिया कोरिना माचाडोले गत वर्षको अक्टोबरमा विपक्षी प्राइमरी चुनावमा भारी जित हासिल गरे पनि भ्रष्टाचारको आरोप लागेपछि अदालतले उहाँलाई १५ वर्षको लागि सार्वजनिक पद धारण गर्नबाट प्रतिबन्ध लगाएको थियो ।

पीयूडी गठबन्धनले माचाडोको विकल्पमा कोरिना योरिसको नाम उम्मेदवारको रूपमा सिफारिस गरेको छ । "म विश्वका लोकतान्त्रिक नेताहरूलाई त्यहाँका राष्ट्रपति र सरकारहरूको प्रयासमा सामेल भई माडुरो सरकारलाई विपक्षीको उम्मेदवार योरिसलाई राष्ट्रपति चुनावमा उम्मेदवारको रूपमा नाम दर्ता गर्न दबाब दिन आग्रह गर्नुभएको छ ।"

५६ वर्षीय माचाडोले कोलम्बिया र ब्राजिललगायतका काराकासको 'परम्परागत सहयोगी' देशलाई धन्यवाद दिएका छन् भने संयुक्त राज्य अमेरिका र फ्रान्ससँग मिलेर उम्मेदवार योरिसलाई बहिष्कृत गरिएकोमा चिन्ता व्यक्त गरेका छन् ।

योरिसलाई पहिलेदेखि नै विपक्षीको दोस्रो वैकल्पिक उम्मेदवारको रूपमा तयार पारिएको थियो ।

# युगान्डामा मलेरिया नियन्त्रण अभियान प्रभावित

कम्पाला, १७ चैत (सिन्ह्वा) । द्वन्द्व र जलवायु परिवर्तनलगायतका विश्वव्यापी सङ्कटका कारण अन्तर्राष्ट्रिय दाताहरूले युगान्डामा मलेरिया परियोजनाहरूको लागि दिँदै आएको रकममा उल्लेख्य कटौती गरेको युगान्डाका स्वास्थ्य मन्त्रालयले जानकारी गराएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार युगान्डामा विश्वमा सबैभन्दा बढी मलेरिया सङ्क्रमण दर रहेको छ र यसले मलेरिया नियन्त्रणको लागि अरु दाता राष्ट्रमा निर्भर रहनु परेको छ । बाह्य कोष फिर्ताका कारण पूर्वी अफ्रिकी देश युगान्डामा मलेरिया नियन्त्रण र उपचार लागतमा प्रतिकूल प्रभाव पार्ने भएको स्वास्थ्य मन्त्रालयको 'राष्ट्रिय मलेरिया नियन्त्रण महाशाखाका' प्रमुख जिमी ओपिगोले बताउनुभयो ।

युक्रेन गाजाको द्वन्द्व र जलवायु परिवर्तनका गतिविधिहरूजस्ता विश्वव्यापी मुद्दाहरूमा आफ्नो ध्यान केन्द्रित रहेको स्वास्थ्य मन्त्री 'रुथ एसेङले' संसदीय समितिलाई जानकारी गराउनुभयो ।

स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार युगान्डामा प्रत्येक दस जना बिरामीमध्ये तीन जनामा मलेरिया भएको पाइन्छ । अस्पतालमा भर्ना भएका पाँच वर्षमुनिका बालबालिका र गर्भवती महिलाहरू मलेरियाको उच्च जोखिममा रहेका छन् ।

# पेरूका राष्ट्रपति बोलुआर्टेको घरमा छापा

लिमा, १७ चैत (एएफपी) । भ्रष्टाचारको अनुसन्धानको क्रममा पेरूका राष्ट्रपति डिना बोलुआर्टेको घरमा शनिबार अधिकारीहरूले छापा मारेका छन् ।

एएफपीले प्राप्त गरेको प्रहरी दस्ताबेजअनुसार बोलुआर्टेले घोषणा नगरेका रोलेक्स घडीको खोजी गरिरहेको उक्त छापामा करिब ४० जना अधिकारी परिचालित गरिएको छ ।

प्रहरीले घडी 'खोजी र जफत गर्ने उद्देश्यले' छापा मारेको पुष्टि गरेको छ । बोलुआर्टेले विदेशी उत्पादनको विलासी घडी लगाएको बारेमा रिपोर्ट प्रकाशित गरेपछि अधिकारीहरूले यस महिनाको सुरूमा अनुसन्धान सुरु गरेका थिए तर यसलाई सार्वजनिक रूपमा घोषणा गरिएको थिएन ।

प्रहरी र अभियोजकको कार्यालयबिचको संयुक्त अभियान शनिबारको छापा स्थानीय टेलिभिजन च्यानल ल्याटिनामा प्रसारण गरिएको थियो ।

डिसेम्बर २०२२ मा पूर्वराष्ट्रपति पेड्रो क्यास्टिलोले कङ्ग्रेसलाई भङ्ग गर्न र आदेशको भरमा शासन गर्ने प्रयास गरेपछि बोलुआर्टेले राष्ट्रपतिको जिम्मेवारी पाउनुभएको थियो ।

# भारतमा अप्रिलदेखि गहुँको भण्डारको स्थिति अनिवार्य घोषणा गर्न सरकारद्वारा निर्देशन

नयाँदिल्ली, १७ चैत (सिन्ह्वा) । भारत सरकारले अप्रिलदेखि गहुँको भण्डारणस्थिति अनिवार्य घोषणा गर्न आदेश दिएको अधिकारीहरूले शनिबार बताएका छन् । अधिकारीहरूका अनुसार गहुँको भण्डारणस्थिति साप्ताहिक आधारमा घोषणा गर्नुपर्ने छ ।

सरकारले दक्षिण एसियाली देशका थोक बिक्रेता, खुद्रा विक्रेता तथा ठूला सञ्जालका बिक्रेताहरू र व्यावसायीलाई अप्रिल १ देखि प्रत्येक शुक्रबार गहुँको भण्डारण स्थिति घोषणा गर्न आग्रह गरेको हो ।

घोषणा गर्नुको मुख्य उद्देश्य समग्र खाद्य सुरक्षा व्यवस्थापन गरि भण्डारण अनैतिकता रोक्ने रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । भारत सरकारले चामलको लागि पहिले नै यस्तो आदेश जारी गरिसकेको छ ।

घोषणाअनुसार दर्ता नभएका संस्थाले अनिवार्य रुपमा दर्ता भई हरेक शुक्रबार गहुँ र चामलको भण्डारण खुलासा गर्न सुरु गनु पर्नेछ । आगामी दिनमा सबै कानुनी रुपमा दर्ता भएका संस्थाहरूले गहुँ र चामलको भण्डारण नियमित रूपमा घोषणा गर्नुपर्ने मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै निर्देशन दिएको छ ।

# मार्सी धान खेतीको सेरोफेरो

✍ दीर्घबहादुर शाही

'चैत आयो चेत आयो' भन्ने उखान जुम्ली किसानहरूको जनजिब्रोमा लोकप्रिय छ । चैतको महिना लागेपछि खेतीपातीको समय सुरु हुन्छ । वसन्त पञ्चमीको दिन बल्दहरू (गोरुहरू) को काँधमा तेल लगाउने, मिठो ख्वाउने, अब हलचक्र, हलसिया सुरुको समय हुन लागेकोले गोरुलाई तयारी बनाइन्छ । जोत्नको लागि हावापानीको दृष्टिले हिउँदको चार महिना सकिएर तातो हुने समय चैत महिनालाई उपयुक्त मानिन्छ । चैत महिनादेखि तापक्रम बढ्ने हुनाले माटोको उर्वर क्षमता अनुकूल हुने हुँदा खेतीपानी सुरु हुन्छ । कार्तिकमा छरेको जौ बाली यही महिनादेखि बढ्न थाल्छ, सागपात पनि खानको लागि तयार हुन्छ । रुखबिरुवाका पालुवा पलाउने, साग-तरकारी लगाउने समय भएकोले कृषि कार्य आरम्भ हुन्छ । मुख्य खेती र खानाको रूपमा लिइने मार्सी धानको रोपाइँ जेठ महिनाभरिमा जुम्लाका खेतमा गरिन्छ । ढिलो भएमा धान बाली पाक्दैन । पछिल्ला दिनहरूमा काठमाडौँलगायत देश र विदेशका विभिन्न सहरहरूमा मार्सी धानको चामलको माग बढिरहेकोले झनै महत्त्व बढ्दै छ । धान खेतीमा चैतबाट सुरु गरी कार्तिकसम्म लामो समय श्रम गर्नुपर्ने भएकोले लागत (खर्च) धेरै पुग्छ । विश्वकै उच्च बस्तीमा मार्सी धानको खेती हुने भएकोले पनि प्रसिद्धी बढेको हो । राणा प्रधानमन्त्रीहरूको पालामा जुम्लाबाट प्रतिदिन हुलाक सेवामार्फत पुलिन्दा गरी चामल काठमाडौँ पठाइन्थ्यो भन्ने बुढापाकाबाट सुन्न पाइन्छ ।

धानको बीउ चैत १२ गते बताइन्छ (केलाइन्छ) । यो दिनबाट बाली भित्र्याउने समयसम्म यहाँका बस्तीहरूमा पटकपटक रमाइलो गर्ने, उत्सव र खुसीयाली मनाउने भएकोले धानखेतीलाई चाडपर्वको रूपमा लिइन्छ । बीउ बताउने दिनमा शुभकामना आदानप्रदान गर्ने, मिठामिठा परिकार खाने, बाँडचुँड गर्ने, मागल भन्ने (गीत गाउने) गरिन्छ । परापूर्वकालदेखि मार्सी धानलाई अन्न बालीहरूको राजा मानिन्छ । मार्सी चामलको भात दुई छाक खाइन्थ्यो, गौरव गरिन्थ्यो र मानसम्मान हुन्थ्यो । चैत १२ गते जुम्लाको कुनै पनि मानिस हाट-परदेशबाट घर पुगेन भने काजक्रिया गरिन्थ्यो रे ! यसको अर्थ धानखेतीको महत्त्व उच्चतम थियो ।

धानको बीउ राख्ने समयमा घरपरिवार जम्मा हुनैपर्ने मान्यता थियो । चैतबाट मङ्सिरसम्म खेतीपाती र घरधन्दा सकेर कमाइ गर्न लोग्नेमान्छे परदेश जाने चलन थियो र चैत १२ गते घर पुग्नैपर्थ्यो । यो प्रचलन आजकल बदलिँदै गएको छ । १२ गते बीउ बताई गरी पानीमा भिजाई राख्ने, १६ गते भिजेको बीउलाई सफा गरी ओटालाको भिट्टामा पिरलमाथि लिउ, फेरुवामा पऱ्याउन (ताप दिने) गरिन्छ । तातेको धानलाई घरको आगो बाल्नेको महिरो पिरलले पोली, सरसफाइ गरी, सबै परिवार जम्मा भई दहीचामल (टीका) लगाउने, सुरुको पाथी धान देउतालाई चिउरा कुट्न छुट्याउने, त्यसपछि बीउ उमार्नको लागि सल्ली धुप, पाती राखी, भुजपातले ढाकी धेरै लुगा ओढाई ढाकिन्छ । बाँकी भिजेका धानको चिउरा कुटिन्छ । कुलदेवता, कनकासुन्दरी देवी, चन्दननाथ र भैरवनाथलाई छुट्याएर बाँकी चिउरा घरपरिवार र नातागोताहरूबिच बाँडेर खाने चलन छ । घरबाहिर बसेको र विवाहित छोरी/बहिनीहरूलाई चिउरा नासो पठाइन्छ । चैतका चिउराको महत्त्व बृहत् छ । बीउ छर्नको लागि बेर्ना छानिएको हुन्छ । चैत लागेदेखि बेर्ना (खेत जग्गा) सरसफाइ गर्ने, झारपात नष्ट गर्न, किटाणु नष्ट गर्न पिरलले पोल्ने गरिन्छ । धेरैपटक खनजोत गरिन्छ, बीउ पऱ्याउने दिनमा खेतको अन्तिम तयारी गर्न पानी हाली बुदार्ने (सतह मिलाउने) काम गरिन्छ । बीउ उमार्न खुबै ध्यान दिनुपर्छ नत्र बीउ बेर्ना बिग्रने सम्भावना हुन्छ र बीउ अङ्कुराउन कठिन हुन्छ । चैत २० गते बिघछती पर्व मनाइन्छ । बीउ बेर्नामा छर्ने पूजाआजा गर्ने, विवाहित छोरीचेलीलाई माइती बोलाइन्छ । त्यस दिन खुसीयाली मनाउने, देउडा खेल्नेजस्ता रमाइला कार्यक्रम गरिन्छ । चैत दसैँमा कनकासुन्दरी मन्दिरमा मेला लाग्छ । त्यसै दिन त्यस भेगका भक्तजनले चैतका चिउरा चढाउने चलन आजभोलि पनि छ । बेर्नामा उम्रेका बीउ छरी बचेका बीउ भुटेर सिरौला कुट्ने गरिन्छ । उक्त सिरौला मेलापात तथा खेती कार्य गर्दा फाको हाली खाने गरिन्छ ।

*बीउ छरी बचेका धान, सिरौला कुटिन्छ ।*
*सबजना एकैसाथ हुँदा सौरणी मेटिन्छ ॥*
*जेठमा रोप्याका धान, कार्तिका काटिन्छ ।*
*एकैसाथ बसेका जहान मङ्सिर फाटिन्छ ॥*

### तागा सङ्क्रान्ति

नव वर्ष वैशाख १ गते तागा सङ्क्रान्ति मनाइन्छ । बेर्नामा उम्रेको बीउलाई पूजा गरिन्छ । त्यसदिन विशेष गरेर चामलकै पुवा, सेलरोटी, भाँड्याको सागपात भुटेर बेर्नामा ढुङ्गाको देवता बनाई पूजा गरिन्छ । तिनै खानेकुरा चढाइन्छ । टीका लगाउने, शुभकामना आदानप्रदान गर्ने गरिन्छ । विशेषगरी तागा सङ्क्रान्तिमा नवविवाहित दुलहीलाई माइतीबाट घर ल्याउने, नयाँ दुलही माग्ने र सबै विवाहित महिलाहरू एक ठाउँमा बसेर तागा (धागाले बनाइएको कलात्मक डोरी) पूजा गरेर लगाउँछन् । एकआपसमा रमाउँछन् र शुभकामना बाँड्छन् । त्यसदिन गायन टोली घरघरमा गएर मागल चुड्किला गाउने गर्छन् । त्यस समूहलाई स्वागतस्वरूप टीका लगाइदिने, उपहारस्वरूप पुवा दिने चलन क्रमशः लोप हुँदै छ । त्यस दिन महिलाहरू बडो उत्साहका साथ आ-आफ्नो गाउँ-टोलको समूहमा सजिएर भेला भएर देउडा खेल खेल्ने गर्छन् । सुख-दुःखका गीत गाएर सवालजवाफ गर्छन् ।

### धान रोपाइँ

जेठ महिना सुरु भएपछि कार्तिक बोएका जौ बाली भित्र्याइसकेपछि महिनाभरि नै रोपाइँ हुन्छ । एक आपसमा पर्म-परिमो, सहयोग आदानप्रदान गर्ने प्रचलनलाई पठ्ठा भन्ने गरिन्छ । बडो उत्साहका साथ रोपाहारहरू मौलिक भेषभूषामा सजिएर रोपाइँ गर्छन् । गोरु जोत्ने, खेत मिलाउने, पानी हाल्ने काम पुरुषले गर्छन् । रोप्ने क्रममै रोपाइँ गीतहरू समूहमा गाउँछन् । रोपाइँ नाच हातमा बीउका आँठा (मुठा) लिएर नाच्छन् । कसैको घरमा शुभकार्य (जस्तै विवाह गरेको, छोरा जन्मेको र स्थायी जागीर भएको) भएको छ भने विशेष रोपाइँ 'चोपाइ' (बाजागाजाका साथ हर्षबढाइँ) गरिन्छ ।

बाजा समूह आफ्नो पोशाकमा सजिएर नाचगान गर्ने रोप्नेरी (धान रोप्ने महिलाहरू) नाच्ने-गाउने गर्छन् । रोपाइँको समाप्ति सँगसँगै आफ्नो पितलमाटी (पुर्ख्यौली खेत) मा खेतको बिच भागमा पुल्ती (पताका) हालिन्छ । धानको बीउबाट पुतलीको आकारमा चित्र बनाइन्छ । पुतलीको वरिपरि शुभकार्यका पात्रहरू (बेहुला-बेहुली, छोरा-छोरी) लाई परिक्रमा गराइन्छ । छोरो भएमा छोराले सरकारी जागिर खाएको पहिलो वर्षमा खुसीयाली मनाउन रोपाइँका खेतालाहरूले रोप्ने खतमा चोपाइ गर्छन् । घरका मानिसलाई रोपाहारहरूबाट धानको बीउको दुबो (जमारा) लगाउने, हिलो घस्ने र दही चामल (टीका) लगाइन्छ ।

खेतालाहरू र रोपाइँ गर्ने घरका छिमेकी, नजिकका नातेदारहरू रोपेको खेतमा चोपाइ खेल्छन् (नाच्छन्) । कुस्ती खेलेर बलियो र निर्बलियो मापन हुन्छ । चोपाइ गर्न सयौँको सङ्ख्यामा दर्शकलाई निमन्त्रणा गरिएको हुन्छ । चोपाइ सकिएपछि सबैलाई सगुन (मिष्ठान्न खानेकुराको परिकार) ख्वाइन्छ । बाजा समूहलाई फुर्को (फेटा) दिई बिदाइ गरेसँगै त्यो दिनको रोपाइँ समापन हुन्छ । सबैभन्दा अन्तिमको रोपाइँलाई मइजारो भनी रोपाइँ गर्दा रोप्नेरीहरूले थुप्रै गीत गाउँछन् । त्यसको केही अंश यसप्रकार छ :

*'कुन दिन कुन बार जिउली सऱ्यो बालो बीउ ?*
*भला दिन भला बार जिउली सऱ्यो बालो बीउ ।*
*कुन ज्यूले सायाभाया ? कुन ज्यूले इलछी लाया ?*
*बोबज्यूले सायाभाया, कृष्णज्यूले इलछी लाया ।*
*बिहानाका झूल्क्या घाम जिउली सऱ्यो बालो बीउ ।*
*सारसार बोटी सार जिउली सऱ्यो बालो बीउ ॥*

*पश्चिम छुचो पूर्व चाक्लो पुल्ती डाबय ।*
*डिल झुल्याइ, भिट्टा लस्क्याइ मार्सी धानय ।*
*बोबका जिउनार लाग्याइ, बज्यूका भान्सामा पाक्याइ ।*
*मार्सी धानय ! बुबा जिया, काकाकाकी, दाजुभाउजू सबै ॥*

यस्तै तरहले धानसम्बन्धी रोपाइँ गीतहरू थुप्रै गाइन्छन् । असारे पोको पोइल बसेकी (घरजम गरेकी) विवाहित छोरीहरूलाई पठाइने अर्नी (खाजा) हो । असारको महिना प्रत्येक धानको बोट गिन्ती गरेर गोडिन्छ । धान गोडमेल निकै कठिन काम हो, (सिँचाइ नपुगी) खेत कक्रक्क भएमा गोडमेल गर्न गाह्रो हुन्छ । हरेक माइती पक्षबाट धान गोड्ने बेलामा पोइल बसेकी छोरीहरूको भोक, प्यास, पीडा, थकाइ मेटाउन पौष्टिक खानाका परिकार (असारे अन्न) पुऱ्याउने चलन व्यापक छ । माइतबाट आएको अन्न समुदायकी साथी सङ्गिनीसँग बाँडिन्छ । माया आपसी सद्भाव बढेको हुन्छ । गोडमेल सकेका र छिमेकीहरूले गोड्न बाँकी रहेका खेतमा सघाउने गर्छन् । खेत गोडिसकेको अन्तिम दिनलाई नङ्ग्रे काटो भनिन्छ । धान गोडाइ सकेको उपलक्ष्यमा खुसी मनाउन रातिको खाना विशेष परिकारको हुन्छ । सपरिवार एकै ठाउँमा बसेर आनन्दले खान्छन् ।

*चैत बीउ राख्ने धानको, रोपाइँ हुँदो जेठ ।*
*धेरै भई छुटेका प्रीति, बल्ल भयो भेट ॥*
*असार खेत गोड्न्या भइयो, साउन धान पसाउन्या ।*
*लहलह धानका फाँट, किसानलाई हँसाउन्या ॥*

साउन महिना सुरु भएपछि दोस्रो धान गोडाइ हुन्छ । यसपटकको गोडाइ सरल हुन्छ, साउँ उखेल्ने, झारपात फ्याँक्ने गरिन्छ । खेतमा लगातार सिँचाइ गर्नुपर्छ अनि साउने बाली पसाउँछ । धान पसाएपछि ज्यादै रमणीय वातावरण र सुन्दर दृश्यले धानका जिउली फाँटहरूले मन लोभ्याउने गर्छन् ।

*'साउने बाला निस्कियो, धान पसाउने बेला ।*
*हरियो भरियो जोवन अति राम्रो होला ॥'*

भदौ महिनासम्म नपसाएको धानको बोट पाक्न सक्दैन किनकि तापक्रम र आद्रता घट्दै आएको हुन्छ । असोज लाग्यो धानको जोवन भरिन थाल्छ । पहेलपुर जिउली फाँट, जताततै हरिलो भरिलो बाली, लहलह धानका बालाले बयाली खेल्दा बहुतै आनन्दको अनुभूति हुन्छ । बिचमा हिमा-तिला नदीको सुस्त बगाइ, पाखाबारीहरूमा स्याउलगायत विभिन्न फलफुल पाकेको मनोरम दृश्यले साँच्चिकै सिँजा र जुम्ला सिँगारिएकी बेहुलीजस्तै सुन्दर देखिन्छ ।

दसैँको आगमनसँगै घर लिपपोत, रङ्गरोगन, श्रृङ्गारपटार गरिन्छ । बालीनाली भित्र्याउने बेला घाँस काटेर सञ्चित गरिँदै हुन्छ । घरघरमा घटस्थापना गरेको भोलिपल्ट द्वितीया तिथिका दिन घरका झ्यालढोकाहरूमा टोकारे (सयपत्री) फूलले सजिसजाउ गरिन्छ । धानका बाला बिचबिचमा राखिन्छ । यो दृश्य वर्षभरि हेर्न सकिन्छ । त्यही दिन खेतबाट एकमुठो धान निको दिन (घटस्थापनापछिको नयाँ दिन) काटेर घर ल्याइन्छ । नयाँ धानको चिउरा कुटिन्छ, चामल कुटिन्छ र साँझ परिवारसँगै बसेर नयाँ बालीको खीर पकाइन्छ । दूधको मात्रा कम भएमा चिउरा दूध या दहीमा भिजाएर मह मिसाई नयाँ बाली एकआपसमा खुवाउने, बाँडेर खाने-चाख्ने पर्व भएकोले 'नुवा' भनिन्छ । घर परिवारले खानुपूर्व दसैँको पूजाको लागि मन्दिरमा चढाइन्छ । कुल देवताका लागि छुट्याएर राखिन्छ । साथै, घरपरिवारभन्दा बाहिर बसेका सदस्यहरूलाई पनि छुट्याइन्छ ।

दसैँपछि बाली भित्र्याउने कार्य सकिन्छ । दाइँ हाल्दा पराल माड्दै र गोरु घुमाउँदै गीत गाइन्छ । गीतमा तराईका धान बढी उत्पादन हुने जिल्लाबाट सह (शौभाग्य) माग्ने चलन छ । राति खलामा (धान जम्मा गरेको स्थान) कुरिन्छ वा पहरा दिइन्छ । बोटबाट झारेको धानलाई उब्जार र दाइँबाट निकालेको धानलाई रासमा वर्गीकरण गरिन्छ । उब्जार धानको महत्त्व बढी हुन्छ ।

धान भित्र्याउँदा थैला (बोरा) मा सुपाले उमानेर (सुपा भरेर) राख्ने गरिन्छ । बडो सम्मानका साथ दियो बाल्ने, धुप बाल्ने, धुपौरो वा डाडुमा आगोको गोल राखी फूल-अक्षता धुपीको धुप राखेर सुगन्धित पारी थैला भरिन्छ । त्यसबेला, कसैले पनि बोल्न पाइँदैन । सबै चुपचाप रहनुपर्छ । धान उमानिसकेपछि (थैला भरेपछि) खाट भकारी (काठको फल्याकबाट बनाइएको भकारी) मा धान भण्डार गरिन्छ । तिहारमा लक्ष्मीपूजाको बेला जौको पिठोको दियो बनाई अन्न राखेका खाट भकारीमा उज्यालो दियो बाली पूजा गरिन्छ ।

यहाँका प्रायः चाडपर्वहरू मार्सी धान खेतीसँग सम्बन्धित हुन्छन् । प्रत्येक चाडपर्वमा प्रयोग हुने खानाका परिकार ( चामल, चिउरा, लड्डु, अर्सा, फिनी आदि) मिष्ठान्न भोजन, अक्षता, दहीचामल ( टीका), प्रसाद, इष्टमित्र वा टाढाटाढा रहेका घरपरिवारका सदस्यलाई पठाउने नासो, उपहार, देवीदेवतालाई चढाउने वस्तु सबै मार्सी धानबाट बनाइन्छ । यसको महत्त्व बयान गरेभन्दा पनि बढी छ । बडो मिहिनेतका साथ उत्पादित मार्सी धानले पछिल्ला दिनमा अन्तर्राष्ट्रिय बजार पाएको छ । यो गौरवको कुरा हो । आजभोलि युवाहरू विदेश जाने क्रम बढेकोले धान खेती गर्ने कामदारको अभावमा मार्सी धान लोपउन्मुख अवस्थामा पुगेको छ । आयातीत चामल सस्तोमा उपलब्ध हुनाले पनि रैथाने बाली सङ्कटमा पर्दै छ ।

मार्सी धानको उपभोग असाध्यै उमङ्ग र महत्त्वका साथ गरिन्छ । यसले सबै समुदायबिच सु-सम्बन्ध र सद्भाव बढ्छ । पाटाभात (भोज), भैलेभात (भैलो खेलेपछिको भोज), चेले तिहारमा पनि मार्सीधानको उपयोग गरिने हुँदा मौलिक चाडपर्व, रीतिरिवाज पनि बढी लाभान्वित भएको पाइन्छ । सामाजिक दृष्टिले समूहमा खेतीपाती कार्य गर्दा समुदायले दैनिक कार्यतालिका बनाएर सबैको रोपाइँ सम्पन्न गरिन्छ । समुदायका मानिसहरूबिच सहयोग आदानप्रदान तथा आवश्यक खर्च व्यवस्थापनमा पनि सहयोग गर्ने चलनले समुदायबिचको सम्बन्ध झनै प्रगाढ र बलियो हुँदै जान्छ । मार्सी धान खेतीको बहुमुखी फाइदा हुने र महँगो बाली भएकोले राज्यले सहयोग गरी यहाँका किसानलाई व्यवसायिक खेतीमा संलग्न गराई आर्थिक आम्दानीको मुख्य स्रोत बनाउन सकेको खण्डमा बढीभन्दा बढी लाभ लिनसक्ने सम्भावना छ ।










तेस्रो नेपालभाषा साहित्य त:मुंज्या ललितपुरको आयोजनामा महालक्ष्मी नागरपालिका देवननी टोल, थसीमा शनिबार भएको साहित्य त:मुंज्याको उद्घाटन गर्दै स्थानीय ज्येष्ठ नागरिक र त:मुंज्यामा सहभागी स्रोताहरू
तस्बिर : मजदुर दैनिक

# न्यायालयमा पनि राजनीतीकरण भइरहेको पुष्टि

सर्वोच्च अदालतको नेपाली काङ्ग्रेसका सांसद टेकबहादुर गुरूङको निलम्बन फुकुवाको आदेशले अदालतप्रति नेपाली जनताको अविश्वासको दूरी बढाएको छ । न्यायालय पनि राजनीतीकरण भइरहेको जनताको गुनासो सेलाउन नपाउँदै भएको यो निलम्बन फुकुवाले जनताको मनमा चोट पुऱ्याएको छ । न्यायाधीश नियुक्ति पनि दलको कोटामा राख्ने या दलको भागबन्डामा राख्ने या राजनीतिक दबाबमा राख्ने कार्यले न्यायालयले न्यायिक अधिकारलाई कुल्चेको हो कि भन्ने शङ्का उत्पन्न भएको छ । यसको दोषी सत्तासीन दलका नेताहरू नै हुन् । दलको सिफारिस या कोटामा न्यायाधीश नियुक्ति भएपछि ती न्यायाधीशहरू नियुक्ति गर्ने दलप्रति नतमस्तक हुन्छन् । न्यायाधीशद्वय मनोजकुमार शर्मा र विनोद शर्माको संयुक्त इजलासले निलम्बन फुकुवा गरेको हो ।

सर्वोच्चको आदेशले सांसद गुरूङको निलम्बन फुकुवा भए पनि पूर्वन्यायाधीश र कानुनविद्हरूले अदालतको त्यस निर्णय नमिलेको टिप्पणी गरेका छन् । पूर्वन्यायाधीश गौरीबहादुर कार्कीले भने, "हामीले जानेको विधिशास्त्रमा यस्तो सुनेको थिएन । भ्रष्टाचारमा दोषी भइसकेको व्यक्तिको निलम्बन फुकुवा भएपछि यो देश भ्रष्टाचारीको लागि स्वर्ग भन्ने भयो ।" संविधान्‌विद् भीमार्जुन आचार्यले भने, "शक्तिसँग निकट भएका र राजनीतिक पहुँच भएका व्यक्तिलाई राज्य र न्यायालय दुवैले गरेको व्यवहार आम नागरिकलाई भन्दा फरक छ; यो मान्य हुनसक्दैन ।"

भृकुटी मण्डपस्थित ६० रोपनी जग्गा न्यून दरमा भाडामा दिएको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा विशेष अदालतले १ करोड २१ लाख ८४ हजार भ्रष्टाचार गरेको ठहर गर्दै उक्त रकम बराबरको बिगो र जरिवाना भराउने फैसला गरेको थियो । स्मरणीय छ, भ्रष्टाचार मुद्दा दायर भएलगत्तै सार्वजनिक पदाधिकारी व्यक्तिहरू स्वत: निलम्बन हुने कानुनी व्यवस्था छ । अदालतप्रति जनताको विश्वास बढाउन निलम्बन फुकुवा गर्ने दुई न्यायाधीशबारे सोच्नुपर्ने कानुनविद्हरू बताउँछन् ।

## हार्दिक समवेदना



जन्म
२००३/०३/०४

निधन
२०८०/१२/०७

आसराम लोहला

यस संस्थाका सदस्य तथा हाम्रा आत्मीय मित्र प्रवेश लोहलाका पूजनीय पिता **आसराम लोहला**को दु:खद निधन भएको आज १२ औं दिन (ल्हापानेगु) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**निक भुजिकिक हाउजिङ प्रा. लि.**
तथा
**ग्रिन भिलेज हाउजिङ प्रा.लि. परिवार**
भक्तपुर

# पुँजीवादी व्यवस्थाले कामदारवर्गको सेवा नगर्ने

बुटवल, १७ चैत । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सनकमान महर्जनले सैद्धान्तिक र वैचारिक विषयमा युवा विद्यार्थीहरूलाई प्रशिक्षित गर्नुपर्नेमा जोड दिनुभयो ।

शनिबार नेपाल मजदुर किसान पार्टी रूपन्देहीद्वारा तिलोत्तमामा आयोजित प्रशिक्षणात्मक कार्यकर्ता भेलामा केन्द्रीय सदस्य महर्जनले सैद्धान्तिकरूपमा प्रस्ट नभएकै कारण कम्युनिस्ट भन्नेहरूले सरकारी उद्योगहरू निजीकरण गरिरहेको र भारतीय एकाधिकार पुँजी तथा संरा अमेरिका साम्राज्यवादको पक्षमा काम गरिरहेको बताउनुभयो ।




पुँजीवादी व्यवस्था र पुँजीवादी पार्टीहरूले कामदार वर्गको सेवा नगर्ने स्पष्ट पार्दै केन्द्रीय सदस्य महर्जनले पुँजीवादी बन्दोबस्तको सरकारले पुँजीपतिवर्गकै हितमा काम गर्छ भन्नुभयो ।

शासक दलहरूले नेपालमा युवाहरू नराख्ने नीति लिएको चर्चा गर्दै उहाँले डा. रामशरण महतको पालामा प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तीमा २०० जना वैदेशिक रोजगारमा पठाउने बजेटमै व्यवस्था गरेको उल्लेख गर्नुभयो ।

अनुदानको लागि नक्कली काम देखाएर शासक दलका कार्यकर्ताहरूले राष्ट्रिय ढुकुटी दुरूपयोग गरी ब्रह्मलुट मच्चाइरहेको बताउँदै केन्द्रीय सदस्य महर्जनले भारतीय एकाधिकार पुँजीको चाहनाअनुसार नेपाललाई उनीहरूको बजार बनाइरहेको छ भन्नुभयो ।

नेपाली शासक दलहरूको बैठक चल्दाचल्दै विस्तारवादी भारत र साम्राज्यवादी संरा अमेरिकाको राजदूतावासमा फोन गर्ने गरेको उदाहरण दिँदै उहाँले भारतीय दूतावासको सङ्केतबिना नेपालमा सरकार परिवर्तन हुने अवस्था छैन भन्नुभयो ।

राजनीति भनेको दुई चार जना आसेपासेको फाइदाको निम्ति होइन, जनताको सेवा गर्न र देशको स्वाधीनताको लागि हुनुपर्ने स्पष्ट पार्दै केन्द्रीय सदस्य महर्जनले कामदारवर्गका कार्यकर्ताहरू जति बढी सक्रिय र सुदृढ हुन्छन् देशको सुन्दर भविष्य त्यति नै नजिक हुन्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले वैदेशिक रोजगारीमा जाने ९० प्रतिशत युवाहरूले जोखिमयुक्त काम गर्न बाध्यात्मक अवस्था रहेको चर्चा गर्दै विदेशी पुँजीको गुलामी गर्ने शासकहरूको शासनसत्ता रहेसम्म नेपालमा रोजगारीको सुनिश्चितता हुँदैन भन्नुभयो ।

राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति तयार भएको अवस्थामा क्रान्ति अवश्यम्भावी रहेको बताउँदै केन्द्रीय अध्यक्ष बाटाले देशको परिस्थितिबाट युवाहरू निराश हुने होइन क्रान्तिको निम्ति जागरूक र जुझारू हुनुपर्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी रूपन्देहीका अध्यक्ष हरिसुन्दर वासीको सभापतित्वमा सम्पन्न भेलामा हिमलाल पाण्डे, जगिलाल थापा, सुशीला पौडेल, सुग्रीम साहनीलगायतले मन्तव्य व्यक्त गर्नुभयो ।

भेलाले हरिसुन्दुर वासीको अध्यक्षतामा नेपाल मजदुर किसान पार्टी रूपन्देही जिल्ला समिति पुन: गठन गऱ्यो ।

## भक्तपुरमा...

उत्पादनमूलक गतिविधिमा सक्रिय हुने र समाजको आर्थिक सामाजिक परिवर्तनमा भूमिका निर्वाह गर्न सक्ने भएकोले स्वस्थ हुनु जरूरी रहेको बताउनुभयो ।

नगरपालिकाले नगरवासीको स्वस्थ सर्तकर्ता अपनाउन नियमितरूपमा स्वास्थ्य परीक्षण शिविरहरू सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

कार्यपालिका सदस्य छोरीमैया सुजखूले महिलाहरूले रोग लुकाउने बानी हटाउनुपर्ने चर्चा गर्दै समयमा परीक्षण गराएमा लामो समयसम्म स्वस्थ रहन सक्ने बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका चिकित्सक डा. त्रिसला बसीले पाठेघरको मुखको क्सान्सरको उपचार विधिबारे जानकारी दिँदै समयमै उपचार गराएमा निको हुने प्रस्ट पार्नुभयो ।

वडा नर्स दिव्या सुवालले पापस्मेयर जाँचको तरिकाबारे जानकारी दिनुभयो ।

शिविर स्थानीय दत्तात्रय आधारभूत विद्यालयको प्राङ्णमा बिहान ८ बजेदेखि नै सञ्चालन गरिएको थियो ।

## स्वास्थ्यकर्मीहरूले...

गर्नुपर्नेमा जोड दिँदै सबैको साथ र सहयोगबाट स्वच्छ, सुसंस्कृत र सभ्य समाज निर्माण गर्न सकिने उल्लेख गर्नुभयो ।

उहाँले सरसफाइ र पर्यावरणको सम्बन्ध जोडिएका जात्रा चाडपर्व र त्यसको महत्त्वबारे प्रस्ट पार्नुभयो ।

वाग्मती प्रदेशका सभासद् सृजना सैंजुले कुनै पनि पेसा राजनीतिसँग अलग नहुने धारणा राख्दै अग्रज पुस्ताले भक्तपुरको दीर्घकालीन सोचका साथ अगाडि सारेको ज्वलन्त उदाहरण ख्वप अस्पताल भएको र त्यसलाई पूरा गर्नु आजको पुस्ताको दायित्व हो भन्नुभयो ।

उहाँले निकृष्ट राजनीति भनेको पदको लोभमा फस्नु हो भन्दै अहिले वाग्मती प्रदेशलगायतमा सत्तामा पुग्नेहरू पदको लोभ र हानथापमा पर्नु दुर्भाग्यको कुरा हो भन्नुभयो ।

उहाँले प्यालेस्टिनी जनतालाई दु:खको बेलामा समेत चिकित्सकहरूले सेवाभावले आफ्नो ज्यानको ख्याल नगरी कार्य गर्नु उदाहरणीय भएको चर्चा गर्दै चिकित्सकहरूले उच्च नैतिकताका साथ कार्यक्षेत्रमा इमानदारीपूर्वक कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारी, ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ल, इन्टरनल मेडिसिनका डा. अमर प्रजापति र डा. रत्नसुन्दर लासिवाले पनि बोल्नुभएको थियो ।

# 'केटीहरू' बुलेटिनबारे अन्तरक्रिया

दैलेख, १७ चैत । नेपाल क्रान्तिकारी महिला सङ्घ चामुन्डा बिन्द्रासैनी नगर समितिको आयोजनामा नेक्रामसङ्घको मुखपत्र 'केटीहरू' बुलेटिनको अन्तरक्रिया कार्यक्रम शनिबार जम्बुकाँधमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले महिलाहरूले अध्ययनलाई जोड दिनुपर्ने र आत्मनिर्भर हुन विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

शासक दलका महिला सङ्गठनहरूले सामन्त र पुँजीपतिवर्गकै पृष्ठपोषण गरिरहेको उल्लेख गर्दै उहाँले नेक्रामहिला सङ्घका सदस्यहरू वर्गीयरूपमा सचेत हुनुपर्ने बताउनुभयो ।

पार्टी नगर समितिका अध्यक्ष निरकबहादुर शाहीले महिलाहरू सङ्गठित भएर शोषक विरूद्ध आवाज उठाउनुका साथै अध्ययनलाई जोड दिन आग्रह गर्नुभयो ।

नेक्रामसङ्घ नगर समितिका उपाध्यक्ष नैना शाहीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा शान्ति शर्माले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा धनकुमारी शाही, अमृता शाही, विन्दु विक, ममता हमाल, जयकला विक, लक्ष्मी शाहीलगायतले पत्रिकाबारे बोल्नुभएको थियो ।

## विद्युत्मा..

लोडसेडिङ भयो । त्यसबेला देश नै अन्धकारमयजस्तो भएको थियो । नेपाललाई पनि लोडसेडिङमुक्त बनाउनुपर्छ । लोडसेडिङमुक्त देश बनाउन पर्याप्त विद्युत् उत्पादन गर्नुपर्छ । उत्पादित विद्युत् नेपालमै वितरण गर्नुपर्छ । नेपाललाई आवश्यक नभएको बेला विदेशमा विद्युत् निर्यात गर्नु अन्यथा होइन । नेपाल लोडसेडिङमुक्त देश कहिले होला ?

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा